# गण्डकी प्रदेशको
# आर्थिक गतिविधि अध्ययन

## अर्धवार्षिक प्रतिवेदन
(आर्थिक वर्ष २०८२/८३)




नेपाल राष्ट्र बैंक
पोखरा कार्यालय
२०८३, जेठ

## प्राक्कथन

नेपाल राष्ट्र बैंकले तथ्यमा आधारित नीति निर्माणका लागि आर्थिक, वित्तीय र मौद्रिक क्षेत्रको तथ्याङ्क समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन नियमितरुपमा प्रकाशन गर्दै आएको छ । मुलुक संघीय संरचनामा गएपश्चात् प्रादेशिकरुपमा आर्थिक गतिविधि अध्ययन तथा विश्लेषण आवश्यक भएबमोजिम आर्थिक वर्ष २०७६/७७ देखि पोखरा कार्यालयले समेत गण्डकी प्रदेशको आर्थिक गतिविधि समेटी यस्तो प्रतिवेदन प्रकाशन गर्दै आएको छ ।

बैंकले गर्ने अध्ययन अनुसन्धानका लागि कृषि, उद्योग र सेवा क्षेत्रका निकायबाट आवश्यक तथ्याङ्क तथा विवरण संकलन/प्रशोधन गर्ने गर्दछ । नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयले तर्जुमा गरेको गण्डकी प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा प्रदेशका प्रमुख आर्थिक गतिविधि समावेश गरिएको छ । नेपाल राष्ट्र बैंक, आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९) मा आधारित भई गण्डकी प्रदेशका ११ जिल्ला (कास्की, तनहुँ, लमजुङ, गोरखा, म्याग्दी, बाग्लुङ, स्याङ्जा, पर्वत, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), मनाङ र मुस्ताङ) मा सम्पन्न सर्वेक्षणका आधारमा प्रतिवेदन तर्जुमा गरिएको छ ।

यस प्रदेशअन्तर्गतका सबै ११ जिल्लामा भएका कृषिबाली तथा पशुपन्छीको उत्पादन, मत्स्यपालन, सिचाई, वन, औद्योगिक उत्पादन तथा उत्पादकत्व, बैंकिङ्ग तथा वित्तीय सेवा र सञ्जालको अवस्था, पूर्वाधारको विद्यमान अवस्था र ती क्षेत्रहरूमा रहेका चुनौती तथा सम्भावनालाई समेटी आर्थिक वर्ष २०८२/८३ को प्रथम छ महिनाको अर्धवार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पारिएको छ ।

जिल्लास्थित विभिन्न सरकारी कार्यालय, सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा जिल्लागत तथा समग्र प्रदेशको आर्थिक अवस्था प्रस्तुत गरिएको छ । सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् स्थलगत अध्ययनसमेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा परिदृश्य उल्लेख गरिएको छ । यसका अतिरिक्त गण्डकी प्रदेशका राष्ट्रिय गौरव तथा रुपान्तरणकारी आयोजनाको पछिल्लो प्रगति विवरणसमेत प्रतिवेदनमा समावेश गरिएको छ ।

प्रस्तुत अध्ययन प्रतिवेदन गण्डकी प्रदेश सरकारलगायत सरोकारवालालाई उपयोगी हुने विश्वास लिएको छु । प्रतिवेदन तयार पार्न आवश्यक सूचना, विवरण र तथ्याङ्क उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभाग, सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था र उद्योगी/व्यवसायीप्रति आभार व्यक्त गर्दछु । प्रतिवेदन तर्जुमा गर्ने कार्यमा योगदान गर्नु हुने नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयका उप-निर्देशक श्री रामकुमार कार्की, सहायक निर्देशक त्रय श्री ओम प्रकाश पोखेल, श्री अन्जना जोशी र श्री तारा पोखरेल शर्मा, प्रधान सहायक द्वय श्री राजेन्द्र लम्साल र श्री अमृता पौडेल तथा सहायक श्री दिलासा अधिकारीलाई धन्यवाद ज्ञापन गर्दछु ।

**केशवप्रसाद तिमल्सिना**

**निर्देशक**

# विषय सूची


| शीर्षक | | | पेज नं. |
|---|---|---|---|
| **आवरण पृष्ठ** | | | |
| **प्राक्कथन** | | | **क** |
| **विषय सूची** | | | **ख** |
| **तालिका सूची** | | | **घ** |
| **चार्ट सूची** | | | **ङ** |
| **सारांश** | | | **च** |
| **परिच्छेद-१** | **अध्ययन परिचय** | | **१** |
| | १.१ | पृष्ठभूमि | १ |
| | १.२ | प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन | १ |
| | १.३ | अध्ययनको सीमा | २ |
| | १.४ | अध्ययन प्रतिवेदनको ढाँचा | २ |
| **परिच्छेद-२** | **प्रदेशको तुलनात्मक स्थिति** | | **४** |
| | २.१ | समष्टिगत आर्थिक स्थिति | ४ |
| | २.२ | राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा | ४ |
| | २.३ | अन्तरप्रदेश तुलना | ४ |
| | २.४ | प्रादेशिक चुनौती र क्षमता तथा सम्भावना | ५ |
| **परिच्छेद-३** | **कृषि क्षेत्र** | | **६** |
| | ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ६ |
| | ३.२ | कृषि उत्पादन | ८ |
| | ३.३ | पशुपंछी तथा माछा उत्पादन | १० |
| | ३.४ | वनजन्य उत्पादन | ११ |
| | ३.५ | सिंचाई | १२ |
| | ३.६ | जिल्लागत कृषि कर्जा | १५ |
| | ३.७ | कृषि क्षेत्रका चुनौती र सम्भावना | १५ |
| **परिच्छेद-४** | **उद्योग क्षेत्र** | | **१७** |
| | ४.१ | उद्योगको क्षमता उपयोग र उत्पादन | १७ |
| | ४.२ | क्षेत्रगत औद्योगिक कर्जा | १८ |
| | ४.३ | औद्योगिक क्षेत्रका चुनौती र सम्भावना | १९ |
| **परिच्छेद-५** | **सेवा क्षेत्र** | | **२१** |
| | ५.१ | पर्यटन | २१ |
| | ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | २२ |
| | ५.३ | वित्तीय सेवा | २२ |
| | ५.४ | यातायात सेवा | २५ |
| | ५.५ | सेवा क्षेत्र कर्जा | २६ |

| | | | |
|---|---|---|---|
| | ५.६ | सहुलियतपूर्ण कर्जा | २६ |
| | ५.७ | सहकारी | २७ |
| | ५.८ | सेवा क्षेत्रका चुनौती र सम्भावना | २८ |
| **परिच्छेद-६** | **पूर्वाधार र रोजगारी** | | **२९** |
| | ६.१ | पूर्वाधार क्षेत्र | २९ |
| | ६.२ | पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | ३० |
| | ६.३ | रोजगारी | ३१ |
| | ६.४ | रोजगारीका चुनौती र सम्भावना | ३२ |
| **परिच्छेद-७** | **संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना** | | **३४** |
| | ७.१ | गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम | ३४ |
| | ७.२ | स्थानीय तहको बजेट तथा कार्यक्रम | ३५ |
| **परिच्छेद-८** | **आर्थिक परिदृश्य** | | **३६** |
| | ८.१ | कृषि उत्पादन | ३६ |
| | ८.२ | औद्योगिक उत्पादन | ३६ |
| | ८.३ | सेवा क्षेत्र | ३७ |
| | ८.४ | पूर्वाधार क्षेत्र | ३७ |

# तालिका सूची


| शीर्षक | पेज नं. |
|---|---|
| तालिका २.१: प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा) | ३ |
| तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र | ६ |
| तालिका ३.२: कृषि उपजले ढाकेको भू-क्षेत्र (जिल्लागत) | ८ |
| तालिका ३.३: कृषि बालीको उत्पादन | ८ |
| तालिका ३.४: कृषि बालीको उत्पादन (जिल्लागत) | १० |
| तालिका ३.५: प्रमुख पशुपंछी तथा माछा उत्पादन | १० |
| तालिका ३.६: प्रमुख पशुपंछीजन्य उत्पादन (जिल्लागत) | ११ |
| तालिका ३.७: वनजन्य उत्पादन | ११ |
| तालिका ३.८: काठको उत्पादन (जिल्लागत) | १२ |
| तालिका ३.९: खेतीयोग्य तथा सिंचित भूभागको क्षेत्रफल | १३ |
| तालिका ३.१०: खेतीयोग्य तथा सिंचित भूभागको क्षेत्रफल (जिल्लागत) | १३ |
| तालिका ३.११: जिल्लागत कृषि कर्जा | १५ |
| तालिका ४.१: औद्योगिक उत्पादन | १८ |
| तालिका ४.२: क्षेत्रगत औद्योगिक कर्जा | १८ |
| तालिका ५.१: पर्यटकको आगमन | २१ |
| तालिका ५.२: हवाई सेवा | २२ |
| तालिका ५.३: सार्वजनिक निर्माण तथा रियलस्टेट | २२ |
| तालिका ५.४: बैंक तथा वित्तीय संस्थाको जिल्लागत उपस्थिति | २३ |
| तालिका ५.५: गण्डकी प्रदेशको निक्षेप तथा कर्जाको विवरण | २३ |
| तालिका ५.६: जिल्लागत निक्षेप तथा कर्जा | २४ |
| तालिका ५.७: वित्तीय उपकरण प्रयोगकर्ताको विवरण | २४ |
| तालिका ५.८: परिवर्त्य विदेशी मुद्रा खरिद विवरण | २५ |
| तालिका ५.९: विदेशी मुद्रा सटही इजाजतपत्रप्राप्त संस्था | २५ |
| तालिका ५.१०: गण्डकी प्रदेशमा यातायात सेवा | २६ |
| तालिका ५.११: जिल्लागत सेवाक्षेत्र कर्जा | २६ |
| तालिका ५.१२: सहुलियतपूर्ण कर्जा | २७ |
| तालिका ५.१३: सहकारी सेवा | २७ |
| तालिका ६.१: गण्डकी प्रदेशमा सञ्चालित राष्ट्रिय गौरवका आयोजना | ३० |
| तालिका ६.२: गण्डकी प्रदेशमा रोजगारीको स्थिति | ३१ |
| तालिका ६.३: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारको विवरण | ३२ |
| तालिका ७.१: गण्डकी प्रदेश सरकारको खर्चको स्थिति | ३४ |
| तालिका ७.२: गण्डकी प्रदेश सरकारको स्रोत परिचालनको स्थिति | ३५ |

# चार्ट सूची

**शीर्षक**


चार्ट २.१: प्रादेशिक आर्थिक वृद्धिदर (उपभोक्ता मूल्यमा) ४

चार्ट ३.१: प्रमुख कृषि उपजले ढाकेको क्षेत्रफल (हेक्टरमा) ७

चार्ट ३.२: प्रमुख कृषि बालीको उत्पादन (मे.टनमा) ९

चार्ट ३.३: सिंचाई क्षेत्रमा भएको विस्तार (हेक्टरमा) १२

चार्ट ४.१: प्रमुख औद्योगिक वस्तुको क्षमता उपयोग (प्रतिशतमा) १७

चार्ट ७.२: पाँच स्थानीय तहको बजेट विनियोजनको स्थिति (रु. करोडमा) ३५

# सारांश

## समष्टिगत स्थिति

१. राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मुल्यमा ३.८५ प्रतिशत रहने अनुमान छ । गत आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर ४.४३ प्रतिशत रहने संशोधित अनुमान छ ।

२. आर्थिक वर्ष २०८२/८३ को कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र सेवा क्षेत्रको योगदान क्रमशः २४.४६ प्रतिशत, १३.७३ प्रतिशत र ६१.८१ प्रतिशत रहने अनुमान छ ।

३. आर्थिक वर्ष २०८२/८३ मा गण्डकी प्रदेशको आर्थिक वृद्धि ५.०१ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र सेवा क्षेत्रको योगदान क्रमशः २६.२८ प्रतिशत, १८.३७ प्रतिशत र ५५.३५ प्रतिशत रहने अनुमान छ ।

## कृषि क्षेत्र

४. आर्थिक वर्ष २०८२/८३ को प्रथम अर्धवार्षिक अवधिमा गण्डकी प्रदेशमा प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल अघिल्लो वर्षको सोही अवधिको (संशोधित तथ्याङ्क) तुलनामा करिव ६.८७ प्रतिशतले ह्रास आई ३ लाख ९२ हजार ४२५ हेक्टर कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ३.५२ प्रतिशतले घटेको थियो ।

५. आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तमा गण्डकी प्रदेशमा तरकारी बालीले ढाकेको क्षेत्रफल ७.२५ प्रतिशतले वृद्धि भएको छ भने मसलाबालीले ढाकेको क्षेत्रफल ७.३६ प्रतिशत र फलफूलले ढाकेको क्षेत्रफलमा ३.९१ प्रतिशतले ह्रास आएको छ ।

६. यस प्रदेशको कृषि उपजले ढाकेको कुल क्षेत्रफलको ८८.४१ प्रतिशत प्रमुख खाद्य तथा अन्न बाली, ५.३३ प्रतिशत तरकारी, ४.२६ प्रतिशत फलफूल तथा १.७५ प्रतिशत मसला लगाइएको क्षेत्रफल रहेको छ ।

७. समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन ७.०६ प्रतिशत तथा तरकारीको उत्पादन ५.५ प्रतिशतले ह्रास आएको छ । प्रदेशमा चियाको उत्पादन १.८५ प्रतिशत, फलफूलको उत्पादन २.९५ प्रतिशत, मसलाको उत्पादन ०.२५ प्रतिशतले वृद्धि भएको छ ।

८. पशुजन्य उत्पादनतर्फ यस प्रदेशमा अण्डाको उत्पादन २३.५८ प्रतिशत, दूध र माछाको उत्पादनमा क्रमशः ०.७४ प्रतिशत र १.०३ प्रतिशतले वृद्धि भएको छ भने मासुको उत्पादन १३.७७ प्रतिशतले ह्रास भएको छ । वनजन्य उत्पादनतर्फ काठको उत्पादन ३१.५३ प्रतिशतको वृद्धि भएको छ ।

९. २०८२ पुस मसान्तमा गण्डकी प्रदेशका बैंक तथा वित्तीय संस्थाबाट कृषि क्षेत्रमा रु.२३ अर्ब १६ करोड २९ लाख कर्जा लगानी भएको छ । सो रकम यस प्रदेशमा प्रवाहित कुल कर्जाको ६.३८ प्रतिशत रहेको छ ।

## उद्योग क्षेत्र

१०. समीक्षा अवधिमा अध्ययनमा समेटिएका उद्योगको औसत उत्पादन क्षमता उपयोग ३९.५६ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा ती उद्योगको क्षमता उपयोग ४१.४० प्रतिशत (संशोधित तथ्याङ्क) रहेको थियो ।

११. समीक्षा अवधिमा तोरीको तेल, ड्राई सिरप, क्याप्सुल, ओइन्टमेन्ट, ट्याव्लेट तथा झोल औषधीको उत्पादन अघिल्लो वर्षको सोही अवधिको तुलनामा वृद्धि भएको देखिएको छ भने प्रशोधित दूध र चुरोटको उत्पादन अघिल्लो वर्षको सोही अवधिको तुलनामा घटेको छ ।

१२. २०८२ पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाले गण्डकी प्रदेशमा प्रवाहित कुल कर्जाको ७.९१ प्रतिशत अर्थात् रु.२८ अर्व ७२ करोड औद्योगिक क्षेत्रतर्फ प्रवाह गरेका छन् ।

## सेवा क्षेत्र

१३. समीक्षा अवधिमा यस प्रदेशमा विदेशी पर्यटक आगमन संख्यामा ३३.२ प्रतिशतले ह्रास आएको छ भने हवाई यात्रुको आगमन संख्यामा १०.७ प्रतिशतले ह्रास आएको छ ।

१४.	वित्तीय क्षेत्रतर्फ, २०८२ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन र कर्जा लगानी गत वर्षको सोही अवधिको तुलनामा क्रमशः १९.१७ प्रतिशत र ३.७७ प्रतिशतले वृद्धि भएको छ ।

## पूर्वाधार र रोजगारी

१५.	कालीगण्डकी करिडोरअन्तर्गतको मालढुङ्गा-राम्दी-गैडाकोट खण्डमा करिब ८१ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ भने वित्तीय प्रगति ७५ प्रतिशत रहेको छ । बेनी-जोमसोम-कोरला खण्डको भौतिक प्रगति करिब ८८ प्रतिशत र वित्तीय प्रगति करिब ८४ प्रतिशत रहेको छ । तनहुँ जलविद्युत आयोजनाको भौतिक प्रगति ७३ प्रतिशत र वित्तीय प्रगति ६९ प्रतिशत रहेको छ । बुढीगण्डकी जलविद्युत आयोजनाको भौतिक प्रगति करिब १६.५५ प्रतिशत र वित्तीय प्रगति करिब १०.८ प्रतिशत भएको छ ।

# परिच्छेद १
# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले मूल्य स्थिति, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, कर्जा विस्तार तथा विदेशी विनिमय जस्ता विषयमा तथ्याङ्क सङ्कलन, प्रशोधन, अध्ययन तथा विश्लेषण गरी नियमितरुपमा प्रतिवेदन प्रकाशित गर्दै आएको छ । यसै क्रममा कृषि, उद्योग, सेवा तथा पूर्वाधार लगायतका क्षेत्रमा भएका आर्थिक गतिविधिलाई समेटी "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन,२०७६ (पहिलो संशोधन २०७९)" मा आधारित रही प्रादेशिकरुपमा अर्ध-वार्षिक तथा वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएको छ ।

देशमा संघीयता कार्यान्वयनमा आएपश्चात् आर्थिक वर्ष २०७६/७७ देखि नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट गण्डकी प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएको छ । गण्डकी प्रदेशका कास्की, स्याङ्जा, तनहुँ, लमजुङ, गोरखा, बाग्लुङ, म्याग्दी, मनाङ, मुस्ताङ, पर्वत र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गरी ११ जिल्लाको कृषि, उद्योग, सेवा, पूर्वाधार, रोजगारी तथा प्रदेश सरकारको वित्त स्थितिसँग सम्बन्धित तथ्याङ्क सङ्कलन, प्रशोधन, अध्ययन र विश्लेषण गरी प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

यस "गण्डकी प्रदेशको आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन" २०८२ साउनदेखि २०८२ पुस मसान्तसम्मको आर्थिक तथ्याङ्कका आधारमा तयार गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन

आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक अवधिमा गण्डकी प्रदेशका ११ वटै जिल्ला समावेश गरी कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्र सम्बन्धी प्रगति विवरण, सम्भावना, चुनौती एवम् आगामी परिदृश्य प्रतिवेदनमा समावेश गरिएको छ । यस प्रदेशका तोकिएका सरकारी कार्यालय, उद्योग, व्यापार र सेवा प्रदायक निकायमा गरिएको स्थलगत सर्वेक्षणको आधारमा प्रतिवेदन तयार गरिएको छ । त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा गण्डकी प्रदेशको अवस्थिति र क्षेत्रगत आर्थिक स्थितिको तुलनात्मक विवरण समेत समावेश गरिएको छ ।

यस प्रतिवेदनमा उल्लेख गरिएका तथ्याङ्क तथा सूचना प्राथमिक तथा द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ । अधिकांश तथ्याङ्क तथा सूचना प्रदेशमा रहेका सम्बन्धित कार्यालयको स्थलगत भ्रमण, टेलिफोन अन्तर्वार्ता तथा इमेलमार्फत् सङ्कलन गरिएको छ । कृषि सम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट सङ्कलन गरिएको छ भने सिँचाइ सम्बन्धी विवरण जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयबाट सङ्कलन गरिएको छ । त्यस्तै, मुख्य खाद्य बाली सम्बन्धी तथ्याङ्क नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागमार्फत् लिइएको छ । उल्लेखित निकायबाट प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र, कृषि उत्पादन, सिँचाई, पशुपन्छी माछा तथा वनजन्य उत्पादन लगायतका तथ्याङ्क सङ्कलन गरिएको छ ।

औद्योगिक क्षेत्रतर्फ, उद्योगको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमुना छनौटमा परेका १४ वटा उद्योगको स्थलगत सर्वेक्षणबाट सङ्कलन गरिएको छ । बैंकिङ्ग क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा लगायतका तथ्याङ्क आर्थिक अनुसन्धान विभागमार्फत् प्राप्त गरिएको छ । साथै, मालपोत कार्यालयको घरजग्गा रजिष्ट्रेशन संख्या र सो बापतको राजश्व रकम समेत नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागमार्फत् सङ्कलन गरिएको छ ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमुना छनौटमा परेका १० होटलको स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ । घरजग्गा नक्सापास तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाबाट तथा

यातायाततर्फ सवारी संख्या सम्बन्धी विवरण यातायात व्यवस्था कार्यालयबाट लिइएको छ । सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न प्रदेशका १० वटा बचत तथा ऋण सहकारी संस्थाको नमुना छनौट गरी विवरण सङ्कलन गरिएको छ ।

पूर्वाधार क्षेत्र अन्तर्गत यस प्रदेशमा रहेका राष्ट्रिय गौरवका आयोजना सम्बन्धी विवरण सम्बन्धित सरकारी कार्यालयबाट लिइएको छ ।

## १.३ अध्ययनको सीमा

यस अध्ययनका सीमा देहायबमोजिम रहेका छन ।

१. प्रदेशका तथ्याङ्क प्रदायक निकायवाट प्राप्त तथ्याङ्कमा आधारित भएर प्रतिवेदन तयार गरिएको छ ।

२. यस प्रदेशमा रहेका उद्योग, होटल र सहकारीमध्ये नमुना छनौटमा परेका १४ उद्योग, १० होटल र १० सहकारीको तथ्याङ्क सङ्कलन गरी प्रतिवेदन तयार गरिएको छ ।

३. यस प्रदेशस्थित ५ वटा ठूला स्थानीय तहको मात्र बजेट एवम् कार्यक्रम समावेश गरिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

प्रतिवेदन नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९) बमोजिम तयार पारिएको छ । यस प्रतिवेदनमा ८ परिच्छेद रहेका छन् । परिच्छेद १ मा अध्ययन परिचय प्रस्तुत गर्दै यसको विधि र संरचनाको बारेमा उल्लेख गरिएको छ । परिच्छेद २ मा गण्डकी प्रदेशको अन्य प्रदेशसँगको तुलनात्मक स्थिति र राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको योगदान प्रस्तुत गरिएको छ । त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार र रोजगारीको विवरण समावेश गरिएको छ । परिच्छेद ७ मा संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजनाका बारेमा उल्लेख गरिएको छ भने परिच्छेद ८ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २
# प्रदेशको तुलनात्मक स्थिति

प्रस्तुत परिच्छेदमा गण्डकी प्रदेशको आर्थिक वृद्धिको विश्लेषण तथा कुल गार्हस्थ्य उत्पादनको अन्तरप्रदेश तुलना गरिएको छ । साथै, कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत हिस्सा, प्रदेशको जनसाङ्ख्यिक विवरण र प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती पनि समावेश गरिएको छ ।

## २.१ समष्टिगत आर्थिक स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ३.८५ प्रतिशत रहने अनुमान छ । गत आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर ४.४३ प्रतिशत रहने संशोधित अनुमान छ । चालु आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र सेवा क्षेत्रको योगदान क्रमशः २४.४६ प्रतिशत, १३.७३ प्रतिशत र ६१.८१ प्रतिशत रहने अनुमान छ । त्यसैगरी, प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (Per Capita GDP) १५१३ अमेरिकी डलर हुने प्रारम्भिक अनुमान रहेको छ ।

## २.२ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान

राष्ट्रिय तथ्याङ्क कार्यालयको विवरण अनुसार आर्थिक वर्ष २०८२/८३ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु. ५ खर्ब ९३ अर्ब हुने प्रारम्भिक अनुमान रहेको छ । त्यसैगरी, चालु आर्थिक वर्षमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर उपभोक्ता मूल्यमा ५.०१ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ । अघिल्लो आर्थिक वर्ष यस्तो वृद्धिदर ४.९२ प्रतिशत रहने संशोधित अनुमान रहेको छ । आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र सेवा क्षेत्रको योगदान क्रमशः २६.२८ प्रतिशत, १८.३७ प्रतिशत र ५५.३५ प्रतिशत रहने प्रारम्भिक अनुमान छ ।

## २.३ अन्तर प्रदेश तुलना

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरूको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०८२/८३ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै (३६.७ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (२.७७ प्रतिशत) रहेको छ । चालु आर्थिक वर्षमा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा गण्डकी प्रदेशको योगदान ८.९८ प्रतिशत रहने प्रारम्भिक अनुमान छ ।


**तालिका २.१**
**प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा)**
**(आ.व २०८२/८३)**

| आर्थिक परिसूचक/ प्रदेश | कोशी | मधेश | बाग्मती | **गण्डकी** | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | **राष्ट्रिय** |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | १०४३.१२ | ८६३.३३ | २४२३.१२ | **५९२.६८** | ९३६.७२ | २७७.२५ | ४६३.८९ | **६६००.१०** |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.८० | १३.०८ | ३६.७१ | **८.९८** | १४.२० | ४.२० | ७.०३ | **१००.००** |
| आर्थिक वृद्धिदर (उपभोक्ता मूल्यमा) (प्रतिशत) | ३.१३ | १.३१ | ५.४ | **५.०१** | २.८७ | २.९४ | ३.२८ | **३.८५** |
| प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (अमेरिकी डलर) | १४१० | ९३४ | २६४४ | **१६५१** | १२०८ | ११०८ | ११७० | **१५१३** |
| कुल गार्हस्थ्य उत्पादनमा **प्राथमिक** क्षेत्रको हिस्सा (प्रतिशत) | ३२.८२ | ३५.११ | ११.८१ | **२६.२८** | ३०.२४ | ३१.६७ | ३३.६५ | **२४.४६** |
| कुल गार्हस्थ्य उत्पादनमा **द्वितीय** क्षेत्रको हिस्सा (प्रतिशत) | १७.३३ | १२.०४ | ११.६६ | **१८.३७** | १४.८४ | ९.९२ | १३.६९ | **१३.७३** |
| कुल गार्हस्थ्य उत्पादनमा **तृतीय** क्षेत्रको हिस्सा (प्रतिशत) | ४९.८५ | ५२.८५ | ७६.५३ | **५५.३५** | ५४.९२ | ५८.४१ | ५२.६६ | **६१.८१** |

*स्रोतः संशोधित अनुमान, राष्ट्रिय तथ्याङ्क कार्यालय, जेठ २०८३ ।*

त्यसैगरी, आर्थिक वर्ष २०८२/८३ मा बाग्मती प्रदेशको आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) सबैभन्दा बढी (५.४ प्रतिशत) र मधेश प्रदेशको सबैभन्दा कम (१.३१ प्रतिशत) हुने प्रारम्भिक अनुमान रहेको छ । आर्थिक वृद्धिदरको आधारमा यस प्रदेश द्वितीय स्थानमा रहने देखिएतापनि देशको कुल गार्हस्थ्य उत्पादनमा योगदानको आधारमा पाँचौं स्थानमा रहेको छ ।

**चार्ट २.१**
**प्रादेशिक आर्थिक वृद्धिदर (उपभोक्ता मूल्यमा)**




*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय ।*

## २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### २.३.१ प्रादेशिक चुनौती

१. गण्डकी प्रदेशका केही उच्च हिमाली जिल्ला तथा मध्य पहाडी जिल्लाबाट बसाइ/सराई हुने क्रममा तीव्रता आएकाले ती क्षेत्रमा जनसंख्या संकुचन हुँदै गएको अवस्थामा कृषि, औषधी, पशु र वनजन्य उत्पादनमा अग्र-पृष्ठ सम्बन्ध (Forward-Backward Linkage) स्थापित गरी आय आर्जन र रोजगारीको अवसर सिर्जना गर्नु चुनौतीपूर्ण छ ।

२. कृषि क्षेत्रमा थप लगानी बढाई कृषिको आधुनिकीकरण, व्यवसायीकरण, यान्त्रिकीकरण तथा विविधीकरण मार्फत् एकातर्फ आन्तरिक उत्पादन अभिवृद्धि गरी आयात प्रतिस्थापन र अर्कोतर्फ कृषकको जीवनस्तर सुधार गर्ने कार्य चुनौतीपूर्ण छ ।

३. विद्यमान कृषि अनुदान व्यवस्थाको पुनरावलोकन गर्दै उत्पादन तथा प्रतिफलमा आधारित कृषि अनुदान प्रणालीको सुरुवात गर्नुका साथै, बजारीकरणको समस्या, बजारीकरणमा बहुतहको बाहुल्यता, कृषि क्षेत्रमा परम्परागत खेती प्रणालीकै निरन्तरता, निर्वाहमुखी कृषि प्रणाली, गुणस्तरीय बीउ, मल र उपकरणको अभाव, कृषि बिमा व्यवस्थालाई प्रभावकारी गराउनु, युवा जनशक्ति विदेश पलायन भई कृषि क्षेत्रमा श्रम अभाव हुनु लगायतका चुनौती छन् ।

४. पर्यटन पूर्वाधार र जलविद्युत लगायतका आयोजना समयमै सम्पन्न गर्न पर्याप्त स्रोत/साधन एवम् जनशक्तिको अभाव मुख्य चुनौतीको रुपमा रहेका छन् । औद्योगिक क्षेत्रको विकास तथा विस्तारका लागि आवश्यक पूर्वाधार विकास एवम् लगानीमैत्री वातावरणको निर्माण गरी लगानी अभिवृद्धि गर्नु चुनौतीपूर्ण छ ।

५. ग्रामीण क्षेत्रका सम्भाव्य स्थानलाई आर्थिक केन्द्रकोरुपमा विकास गरी ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा हुने अनियन्त्रित बसाइँसराइ रोक्ने तथा भौगोलिक, वित्तीय र वातावरणीय हिसाबले सम्भावना नदेखिएका बस्तीको व्यवस्थापन कार्य चुनौतीको रुपमा रहेको छ ।

६. पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आइसक्दा समेत यस विमानस्थलमा पोखरा आउने पर्यटकको लागि विदेशबाट सिधा हवाई सेवा सञ्चालनमा चुनौती रहेको छ ।

### २.३.२ प्रादेशिक क्षमता र सम्भावना

१. यस प्रदेशमा रहेका अन्नपूर्ण, धौलागिरी र मनास्लु सर्किट ट्रेकले मनोरञ्जन, पर्वतारोहण तथा साहसिक क्षेत्रमा रमाउने विश्वका पर्यटकलाई आकर्षित गरी विदेशी मुद्रा आर्जनको स्रोतको रुपमा विकास गर्न सकिने देखिएको छ । साथै, मुक्तिनाथ, मौलाकालिका, गलेश्वरधाम, ताल बाराही, गोरखा मनकामना, बाग्लुङ कालिका लगायतका धार्मिक पर्यटकीय स्थल भ्रमणका लागि प्याकेज बनाई थप प्रचार प्रसारले पर्यटन विकासमा थप टेवा पुग्ने देखिन्छ ।

२. मध्यपहाडी लोकमार्ग, कालीगण्डकी करिडोर लगायत अन्य सहायक मार्गको विस्तारले ग्रामीण क्षेत्रमा कृषिजन्य तथा औद्योगिक उत्पादनको लागि आन्तरिक तथा बाह्य बजारको विस्तार गर्न सकिने देखिएको छ । कालीगण्डकी करिडोर सडकमार्गबाट चीन र भारतसँग सोझै सम्बन्ध कायम भएकोले पर्यटन तथा व्यापार वृद्धि हुने तथा आर्थिक गतिविधि विस्तारमा उल्लेख्य प्रगति हासिल हुने देखिन्छ ।

३. ऊर्जालाई प्रदेश समृद्धिको संवाहक बनाउन ठूला जलाशययुक्त जलविद्युत परियोजना, सौर्य र वायु ऊर्जा परियोजना विकास गरी विद्युत उत्पादन बढाउन सकिने देखिन्छ ।

४. राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमलाई प्रभावकारी रुपमा विस्तार गरी ब्राण्डिङ्ग तथा बजारीकरणको व्यवस्था हुन सकेमा मासु तथा दुग्धजन्य पदार्थ, सुन्तला, तरकारी, स्याउ, कफीजस्ता उच्च मूल्य पर्ने कृषि उत्पादनमा कृषकलाई आकर्षित गर्न सक्ने सम्भावना देखिन्छ ।

५. कृषि र सेवा क्षेत्रको आवद्धता (Agro-Service Linkage) बढाई पर्यटन क्षेत्रलाई आवश्यक पर्ने कृषि उत्पादन आपूर्ति, कृषि ऋणमा पहुँच, कृषि बिमा र नयाँ प्रविधिको उपयोगमा प्रोत्साहन र कृषि पर्यटनको विकासमा जोड दिन सकिएमा यस प्रदेशमा आय-आर्जन र रोजगारी सिर्जनामा योगदान पुग्ने देखिन्छ ।

६. हिमाल, पहाड र तराईसम्म फैलिएको गण्डकी प्रदेशमा खाद्यान्न, तरकारी तथा फलफूल, पशुपंछी, माछापालन लगायतको कृषि व्यवसायको प्रचुर सम्भावना छ । उच्च हिमाली क्षेत्रमा पशुपालन, मध्यपहाडी क्षेत्रमा फलफूल खेती र नवलपरासी(बर्दघाट सुस्ता पूर्व)को तराई र मध्यभागका टारमा तरकारी तथा अन्नबाली र औद्योगिक गतिविधि विस्तार हुँदै गएको छ । यसको विस्तारमा थप विकास गर्न सकिएमा यस प्रदेशको आर्थिक विकासमा थप योगदान पुग्ने सम्भावना छ ।

७. यस प्रदेशमा विदेशबाट फर्किएका युवाको सीप, ज्ञान, पूँजी तथा उन्नत प्रविधि सहित कृषि क्षेत्रमा आकर्षण बढ्दै गएकोले कृषि क्षेत्रमा थप उत्पादकत्व र उत्पादन बढ्ने सम्भावना रहेको देखिन्छ ।

८. मध्यपहाडी लोकमार्गको छेउछाउका स्थानमा बजार विस्तार गरी स्थानीय उत्पादनको बजारीकरण गर्न र होटल रेष्टुरेन्ट लगायतका व्यापार व्यवसाय विस्तार गरी उत्पादन प्रोत्साहन गर्न र रोजगारी सिर्जना गर्न सकिने सम्भावना छ ।

## परिच्छेद ३
## कृषि क्षेत्र

गण्डकी प्रदेशमा आर्थिक रुपले सक्रिय जनसंख्याको ठूलो हिस्सा कृषिमा आश्रित रहेको छ । प्रदेशमा आर्थिक रुपले सक्रिय जनसख्यामध्ये ५७.६ प्रतिशत[1] जनसंख्या कृषि क्षेत्रमा आवद्ध रहेका छन् । पछिल्ला वर्षमा हिमाली र पहाडी क्षेत्रबाट सहरी क्षेत्रमा बसाई-सराईको निरन्तरता र वैदेशिक रोजगारीको प्रभावले खेतीयोग्य जमिन बाँझो रहने क्रम बढ्दो रहेको छ । यस परिच्छेदमा गण्डकी प्रदेशमा कृषि उपजले ढाकेको जिल्लागत र कृषि उपजगत भू-क्षेत्रको विवरण उल्लेख गर्दै जिल्लागत कृषि उत्पादनको स्थिति, सिँचाई अवस्था, कृषि क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाको विश्लेषण गरिएको छ ।

### ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

#### ३.१.१ प्रदेशगत विवरण

पछिल्ला वर्षहरूमा गण्डकी प्रदेशमा कृषि भू-भागको क्षेत्रफल निरन्तर घट्दै गएको छ । आर्थिक वर्ष २०८२/८३ पुस मसान्तमा गण्डकी प्रदेशमा प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल अघिल्लो वर्षको सोही अवधिको तुलनामा ६.८७ प्रतिशतले ह्रास आई ३ लाख ९२ हजार ४ सय २५ हेक्टर कायम भएको छ । यस प्रदेशको कृषि उपजले ढाकेको कुल क्षेत्रफलको ८८.४१ प्रतिशत प्रमुख खाद्य तथा अन्न बाली, ५.३३ प्रतिशत तरकारी, ४.२६ प्रतिशत फलफूल र १.७५ प्रतिशत मसला लगाइएको क्षेत्रफल रहेको छ ।

**तालिका ३.१**
**कृषि उपजले ढाकेको भू-क्षेत्र**

क्षेत्रफल हेक्टरमा

| बालीको नाम | गत अवधि आ.व. २०८१/८२ (साउन-पुस) | हिस्सा (प्रतिशत) | समीक्षा अवधि आ.व. २०८२/८३ (साउन-पुस) | हिस्सा (प्रतिशत) | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| खाद्य, नगदे तथा अन्य बाली | ३७६,१२८.८४ | ८९.२६ | ३४६,९५४.२० | ८८.४१ | (७.७६) |
| तरकारी | १९,५१३.९६ | ४.६३ | २०,९२७.८३ | ५.३३ | ७.२५ |
| फलफूल | १७,४१६.९२ | ४.१३ | १६,७३५.९१ | ४.२६ | (३.९१) |
| मसला | ७,३९२.९९ | १.७५ | ६,८४८.७५ | १.७५ | (७.३६) |
| चिया | ६९.०० | ०.०२ | ७५.०० | ०.०२ | ८.७० |
| कफी | ८७३.०० | ०.२१ | ८८४.०० | ०.२३ | १.२६ |
| **जम्मा** | ४२१३९४.७१ | १००.०० | ३९२४२५.६९ | १००.०० | (६.८७) |

*स्रोत: गण्डकी प्रदेशका जिल्ला कृषि विकास कार्यालयहरु, २०८२ पुस ।*

#### क) खाद्य, नगदे तथा अन्य बाली

आर्थिक वर्ष २०८२/८३ मा गण्डकी प्रदेशमा खाद्य, नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफल अघिल्लो वर्षको तुलनामा करिव ७.७६ प्रतिशतले ह्रास आई ३ लाख ४६ हजार ९५४ हेक्टर कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ३.५४ प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा तेलहन, जौ, फापर, र आलुले ढाकेको क्षेत्रफलमा क्रमशः ५१.६९ प्रतिशत, ५.६६ प्रतिशत, ४.५९ प्रतिशत र १.३१ प्रतिशतले वृद्धि भएको छ भने दलहन, कोदो गहुँ र धान बालीले ढाकेको क्षेत्रफलमा क्रमशः ४२.४५ प्रतिशत, १७.३७ प्रतिशत, १४.८६ प्रतिशत, ६.३७ प्रतिशतले ह्रास आएको छ । खाद्य, नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफलको २६.४३ प्रतिशत भु-भागमा मकै र ३६.६५ प्रतिशतमा धान खेती गरिएको छ ।

[1] दोस्रो पञ्चवर्षिय योजना, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश, २०८१

### (ख) तरकारी

समीक्षा अवधिमा तरकारीले ढाकेको क्षेत्रफलमा ७.२५ प्रतिशतले वृद्धि भई २० हजार ९ सय २८ हेक्टर कायम भएको छ। अघिल्लो वर्ष सोही अवधिमा यस्तो क्षेत्रफलमा ७.८५ प्रतिशतले ह्रास आएको थियो।


### (ग) फलफूल

समीक्षा अवधिमा फलफूलले ढाकेको क्षेत्रफलमा ३.९१ प्रतिशतले ह्रास आएको छ। अघिल्लो वर्ष सोही अवधिमा यस्तो क्षेत्रफलमा ०.८७ प्रतिशतले वृद्धि भएको थियो। फलफूलमध्ये सुन्तला, र स्याउ खेती गरिएको क्षेत्रफलमा सामान्य वृद्धि भएको छ भने अन्य फलफूल खेती गरिएको क्षेत्रफलमा कमी आएको छ। यस प्रदेशमा १६ हजार ७ सय ३५ हेक्टर क्षेत्रफलमा फलफूल खेती गरिएको छ।

### (घ) मसला

पुष महिनासम्मा लसुन, प्याज, अदुवा बेसार जन्य मसला बालीको उत्पादन तयार नहुने भएकाले समीक्षा अवधिमा मसलाले ढाकेको क्षेत्रफलमा ७.३६ प्रतिशतले कमी आई ६ हजार ८ सय ४८ हेक्टर रहेको छ। अघिल्लो वर्ष सोही अवधिमा यस्तो क्षेत्रफलमा २.७३ प्रतिशतले ह्रास आएको थियो।

**चार्ट ३.१**
**प्रमुख कृषि उपजले ढाकेको क्षेत्रफल (हेक्टरमा)**




*स्रोतः गण्डकी प्रदेशका जिल्ला कृषि विकास कार्यालय, २०८२ पुस।*

## ३.१.२ जिल्लागत विवरण

कृषि कार्यमा उपयोग भएको भूभागको जिल्लागत विश्लेषण गर्दा गण्डकी प्रदेशको कुल खाद्य, नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी क्रमशः गोरखा (१४.१९ प्रतिशत), तनहुँ (१३.७२ प्रतिशत), र कास्की (१२.९८ प्रतिशत) रहेको छ भने हिमाली जिल्ला मनाङ (०.३३ प्रतिशत) र मुस्ताङमा (०.३८ प्रतिशत) रहेको छ।

तरकारी खेती भएको कुल क्षेत्रफल मध्ये सबैभन्दा बढी कास्की जिल्लामा २०.८५ प्रतिशत र सबै भन्दा कम मुस्ताङ जिल्लामा ०.२६ प्रतिशत रहेको छ। फलफूल खेतीमा स्याङ्जा तथा तनहुँ र मसला खेतीमा नवलपरासी (पूर्व), लमजुङ, र तनहुँ जिल्लाको बाहुल्यता रहेको छ।

**तालिका ३.२**
**कृषि उपजले ढाकेको भू-क्षेत्र (जिल्लागत)**

| जिल्ला | खाद्य, नगदे तथा अन्य बाली | | तरकारी | | फलफूल | | मसला | |
|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल (हेक्टर) | हिस्सा (प्रतिशत) | क्षेत्रफल (हेक्टर) | हिस्सा (प्रतिशत) | क्षेत्रफल (हेक्टर) | हिस्सा (प्रतिशत) | क्षेत्रफल (हेक्टर) | हिस्सा (प्रतिशत) |
| गोरखा | ४९,२४९.०० | १४.१९ | १,९३०.०० | ९.२२ | २,०६०.०० | १२.३१ | ४२२.०० | ६.१६ |
| मनाङ | १,१३०.०० | ०.३३ | ११३.०० | ०.५४ | १५७.०० | ०.९४ | १७.०० | ०.२५ |
| मुस्ताङ | १,३४४.०० | ०.३९ | ५४.०० | ०.२६ | ९४२.४१ | ५.६३ | २६.७५ | ०.३९ |
| म्याग्दी | २१,०७७.२० | ६.०७ | १,१५५.०० | ५.५२ | १,१२१.०० | ६.७० | १०८.०० | १.५८ |
| कास्की | ४५,०३१.०० | १२.९८ | ४,३६४.०० | २०.८५ | ९२५.०० | ५.५३ | १,१४१.०० | १६.६६ |
| लमजुङ | ३३,०२०.०० | ९.५२ | ३,४१०.०० | १६.२९ | १,२९३.५० | ७.७३ | १,१८८.०० | १७.३५ |
| तनहुँ | ४७,५८७.०० | १३.७२ | ४,२४६.०० | २०.२८ | २,९५८.०० | १७.६७ | १,१८६.०० | १७.३२ |
| नवलपरासी (पूर्व) | ४१,१९९.०० | ११.८७ | ७०५.०० | ३.३७ | ७७०.०० | ४.६० | १,२०८.०० | १७.६४ |
| स्याङ्जा | ३६,३६५.०० | १०.४८ | २,६३३.०० | १२.५८ | ३,४८९.०० | २०.८५ | ८०३.०० | ११.७२ |
| पर्वत | ३०,३०५.०० | ८.७३ | ९९८.०० | ४.७७ | १,३५३.०० | ८.०८ | २२०.०० | ३.२१ |
| बाग्लुङ | ४०,६४७.०० | ११.७२ | १,३२०.०० | ६.३१ | १,६६७.०० | ९.९६ | ५२९.०० | ७.७२ |
| **जम्मा** | **३४६,९५४.२०** | **१००.००** | **२०,९२८.००** | **१००.००** | **१६,७३५.९१** | **१००.००** | **६८४८.७५** | **१००.०** |

*स्रोतः गण्डकी प्रदेशका जिल्ला कृषि विकास कार्यालयहरु, २०८२ पुस ।*

## ३.२ कृषि उत्पादन

### ३.२.१ प्रदेशगत विवरण

समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य, नगदे तथा अन्य बाली) को उत्पादनमा ७.०६ प्रतिशतले ह्रास आएको छ। अघिल्लो वर्ष सोही अवधिमा यस्तो उत्पादन ७.९८ प्रतिशतले ह्रास आएको थियो।

**तालिका ३.३**
**कृषि बालीको उत्पादन**

मेट्रिक टन

| बालीको नाम | गत अवधि | | समीक्षा अवधि | | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | आ.व. २०८१/८२ (साउन-पुस) | हिस्सा (प्रतिशत) | आ.व. २०८२/८३ (साउन-पुस) | हिस्सा (प्रतिशत) | |
| खाद्य, नगदे तथा अन्य बाली | १,२७४,७९३.४२ | ७४.०१ | १,१८४,८४४.७८ | ७३.०८ | (७.०६) |
| तरकारी | २६९,२२१.२२ | १५.६३ | २५४,४१४.८८ | १५.६९ | (५.५०) |
| फलफूल | ११९,९०३.२९ | ६.९६ | १२३,४३६.९२ | ७.६१ | २.९५ |
| मसला | ५६,५०३.९० | ३.२८ | ५६,६४३.२९ | ३.४९ | ०.२५ |
| चिया | ९२.१० | ०.०१ | ९३.८० | ०.०१ | १.८५ |
| कफी | १,८९९.६१ | ०.११ | १,९१७.९६ | ०.१२ | १.७२ |
| **जम्मा** | १,७२२,४१३.५४ | १००.०० | १,६२१,३५१.६३ | १००.०० | (५.८७) |

*स्रोतः गण्डकी प्रदेशका जिल्ला कृषि विकास कार्यालयहरु, २०८२ पुस ।*

### (क) खाद्य, नगदे तथा अन्य बाली

समीक्षा अवधिमा खाद्य, नगदे तथा अन्य बालीको उत्पादनमा ७.०६ प्रतिशतले ह्रास आएको छ। यस अवधिमा तेलहन ४०.४४ प्रतिशत, जौ २८.५१ प्रतिशत र फापर १६.४७ प्रतिशतले वृद्धि भएको छ भने अन्य प्रमुख बालीहरू दलहन, गहुँ, कोदो र आलुको उत्पादन क्रमशः ४५.१७ प्रतिशत, २८.७४ प्रतिशत, १५.५८ प्रतिशत र १३.०४ प्रतिशतले घटेको छ। समीक्षा अवधिमा यस प्रदेशमा खाद्य, नगदे तथा अन्य बालीमा धानको अंश ३०.४ प्रतिशत, मकैको अंश ३३.२८ प्रतिशत, र आलु उत्पादनको अंश २१.५१ प्रतिशत रहेको छ।

### (ख) तरकारी

आर्थिक वर्ष २०८१/८२ को प्रथम छ महिनामा तरकारीको उत्पादन २.११ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा ५.५० प्रतिशतले ह्रास आएको छ ।


### (ग) फलफूल

समीक्षा अवधिमा फलफूलको उत्पादनमा २.९५ प्रतिशतले वृद्धि भई १ लाख २३ हजार ४ सय ३६ मेट्रिक टन पुगेको छ । जसमध्ये सुन्तलाको उत्पादन ५९ हजार ४ सय ४१ मेट्रिक टन, केराको उत्पादन २८ हजार २ मेट्रिक टन, स्याउको उत्पादन ८ हजार ४ सय मेट्रिक टन, आँपको उत्पादन ५ हजार ७ सय ८६ मेट्रिक टन तथा अन्य फलफूलको उत्पादन २१ हजार ८ सय ५ मेट्रिक टन रहेको छ ।

### (घ) मसला

आर्थिक वर्ष २०८१/८२ को पहिलो छ महिनामा मसला बालीको उत्पादनमा २.६६ प्रतिशतले ह्रास आएकोमा आर्थिक वर्ष २०८२/८३ को समीक्षा अवधिमा सो बालीको उत्पादनमा ०.२५ प्रतिशतले वृद्धि भई ५६ हजार ६ सय ४३ मेट्रिक टन उत्पादन भएको छ ।

**चार्ट ३.२**
**प्रमुख कृषि बालीको उत्पादन (मे.टनमा)**




*स्रोत: गण्डकी प्रदेशका जिल्ला कृषि विकास कार्यालयहरु, २०८२ पुस ।*

## ३.२.२ जिल्लागत विवरण

कृषि उत्पादनको जिल्लागत विश्लेषण गर्दा गण्डकी प्रदेशको प्रमुख खाद्य, नगदे तथा अन्य बालीहरूको कुल उत्पादनको १८.६१ प्रतिशत उत्पादन नवलपरासी (बर्दघाट-सुस्ता पूर्व) जिल्लामा हुने देखिएको छ भने सबैभन्दा कम मनाङ जिल्लामा (०.८३ प्रतिशत) हुने देखिएको छ ।

तरकारीको उत्पादन सबैभन्दा बढी ३०.४० प्रतिशत कास्की जिल्लामा हुने देखिएको छ भने कम मनाङ र मुस्ताङ जिल्लामा क्रमश ०.३५ प्रतिशत र ०.३० प्रतिशत रहेको छ । फलफूलको उत्पादनमा स्याङजा जिल्लाको २७.०९ प्रतिशत हिस्सा रहेको छ भने मसला उत्पादनमा तनहुँको १९.९५ प्रतिशत हिस्सा रहेको छ ।

**तालिका ३.४**
**कृषि बालीको उत्पादन (जिल्लागत)**

| जिल्ला | खाद्य, नगदे तथा अन्य बाली | | तरकारी | | फलफूल | | मसला | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) |
| गोरखा | १३३,३०३.०० | ११.२५ | २३,४५०.०० | ९.२२ | १४,०१५.०० | ११.३५ | २,६३५.०० | ४.६५ |
| मनाङ | ९,८४९.०० | ०.८३ | ८९९.०० | ०.३५ | १,२३८.०० | १.०० | ७५.३२ | ०.१३ |
| मुस्ताङ | ११,५४७.४९ | ०.९७ | ७६७.८८ | ०.३० | ६,८८२.८० | ५.५८ | २२४.८६ | ०.४० |
| म्याग्दी | ८७,०५४.८१ | ७.३५ | १४,५००.०० | ५.७० | ८,१३४.६० | ६.५९ | १,१६७.५७ | २.०६ |
| कास्की | ११७,०८३.८० | ९.८८ | ७७,३५२.०० | ३०.४० | ८,३३७.२० | ६.७५ | १०,१९९.०० | १८.०१ |
| लमजुङ | १११,३२५.४८ | ९.४० | ३५,९०५.०० | १४.११ | ५,६८७.६२ | ४.६१ | ६,६३३.०४ | ११.७१ |
| तनहुँ | १३६,०४०.२० | ११.४८ | ४६,१७४.०० | १८.१५ | २०,५६३.७० | १६.६६ | १०,८४४.५० | १९.१५ |
| नवलपरासी (पूर्व) | २२०,४७६.०० | १८.६१ | ८,५१७.०० | ३.३५ | ७,५८०.०० | ६.१४ | १०,७८८.०० | १९.०५ |
| स्याङ्जा | १३७,७७६.०० | ११.६३ | २५,२००.०० | ९.९१ | ३३,४३८.०० | २७.०९ | ८,२४३.०० | १४.५५ |
| पर्वत | ९१,६५३.०० | ७.७४ | १,६१०.०० | ०.६३ | ६,३८०.०० | ५.१७ | १,४५१.०० | २.५६ |
| बाग्लुङ | १२८,७३६.०० | १०.८७ | २०,०४०.०० | ७.८८ | ११,१८०.०० | ९.०६ | ४,३८२.०० | ७.७४ |
| **जम्मा** | **१,१८४,८४४.७८** | **१००.००** | **२५४,४१४.८८** | **१००.००** | **१२३,४३६.९२** | **१००.००** | **५६,६४३.२९** | **१००.०** |

*स्रोतः गण्डकी प्रदेशका जिल्ला कृषि विकास कार्यालयहरु, २०८२ पुस ।*

## ३.३ पशुपंछी तथा माछा उत्पादन

### ३.३.१ प्रदेशगत विवरण

### (क) प्रमुख पशुपंछी तथा माछा

यस प्रदेशमा आर्थिक वर्ष २०८२/८३ को प्रथम अर्धवार्षिक अवधिमा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा मासुको उत्पादनमा १३.७७ प्रतिशतले कमी आएको छ भने अण्डा, माछा र दूधको उत्पादन क्रमशः २३.५८, १.०३ र ०.७४ प्रतिशतले वृद्धि भएको छ ।

**तालिका ३.५**
**प्रमुख पशुपंछी तथा माछा उत्पादन**

| उत्पादन | २०८१/८२ | २०८२/८३ | वृद्धिदर |
|---|---|---|---|
| दूध हजार लिटर | १,८२,२०४.५८ | १,८३,५४८.८२ | ०.७४ |
| मासु मेट्रिक टन | ३२,०१४.२६ | २७,६०६.०६ | -१३.७७ |
| अण्डा हजार गोटा | १,१६,३०४.२७ | १,४३,७२३.४३ | २३.५८ |
| माछापालन (मे. टन) | ११,४३९.६६ | ११,५५७.४६ | १.०३ |

*स्रोतः भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू, गण्डकी प्रदेश, २०८२ पुस ।*

### ३.३.२ जिल्लागत विवरण

आर्थिक वर्ष २०८२/८३ को प्रथम अर्धवार्षिक अवधिको दूध उत्पादनमा नवलपरासी (पूर्व) जिल्लाको हिस्सा सबैभन्दा बढी २३.५४ प्रतिशत रहेको छ । मासु उत्पादनमा गोरखा जिल्लाको हिस्सा सबैभन्दा बढी २४.२३ प्रतिशत रहेको छ । त्यस्तै अण्डा उत्पादनमा स्याङ्जा जिल्लाको हिस्सा सबैभन्दा बढी ३२.७७ प्रतिशत रहेको छ । माछा उत्पादनमा कास्की जिल्लाको हिस्सा सबैभन्दा बढी ८८.७६ प्रतिशत रहेको छ । भौगोलिक विकटता र अवस्थितिका कारण मनाङ र मुस्ताङ जिल्लामा पशुपंछीको उत्पादन नगन्य रहेको छ ।

**तालिका ३.६**
**प्रमुख पशुपंछीजन्य उत्पादन (जिल्लागत)**

| जिल्ला | दूध | | मासु | | अण्डा | | माछापालन | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन (हजार लिटर) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) | उत्पादन (हजार गोटा) | हिस्सा (प्रतिशत) | उत्पादन (मेट्रिक टन) | हिस्सा (प्रतिशत) |
| गोरखा | १३,५४२.०० | ८.३९ | ६,२७८.०० | २४.२३ | २,४६६.७० | १.९८ | ८३ | ०.७६ |
| मनाङ | २२०.५६ | ०.१४ | २२.१५ | ०.०९ | १२.९२ | ०.०१ | १.०१ | ०.०१ |
| मुस्ताङ | १,२५०.०० | ०.७७ | ४६.२५ | ०.१८ | १००.४० | ०.०८ | ५ | ०.०५ |
| म्याग्दी | २,५७३.१९ | १.५९ | ८८९.११ | ३.४३ | २,७१०.७८ | २.१८ | ११.०२ | ०.१० |
| कास्की | ३२,७९३.०० | २०.३१ | ४,६६६.०० | १८.०१ | १७,१७७.४० | १३.८१ | ९,६८२.२० | ८८.७६ |
| लमजुङ | ८,७८०.०० | ५.४४ | १,८१७.०० | ७.०१ | ४,०२०.०० | ३.२३ | २५.७ | ०.२४ |
| तनहुँ | ४२,३३८.५७ | १२.५४ | ४,२३२.५१ | ९.८० | ३३,९८५.६२ | ११.७७ | ६९९.७२ | ०.४७ |
| नवलपरासी (पूर्व) | ३८,०००.०० | २३.५४ | ४,२५४.०० | १६.४२ | ३५,०३९.९० | २८.१७ | १,०००.०० | ९.१७ |
| स्याङ्जा | २६,६१४.०० | १६.४८ | २,५६५.०० | ९.९० | ४०,७६२.५० | ३२.७७ | ३३.२ | ०.३ |
| पर्वत | ६,०६४.५० | ३.७६ | १,०७०.४० | ४.१३ | ३,७७०.६० | ३.०३ | ६.६१ | ०.०६ |
| बाग्लुङ | ११,३७३.०० | ७.०४ | १,७६५.६४ | ६.८० | ३,६७६.६१ | २.९६ | १० | ०.०९ |
| **जम्मा** | १८३,५४८.८२ | १००.०० | २७,६०६.०६ | १००.०० | १४३,७२३.४३ | १००.०० | ११५५७.४६ | १००.०० |

*स्रोत : भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू, गण्डकी प्रदेश, २०८२ पुस ।*

## ३.४ वनजन्य उत्पादन

### ३.४.१ प्रदेशगत विवरण

आर्थिक वर्ष २०८२/८३ को प्रथम अर्धवार्षिक अवधिमा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा यस प्रदेशको वनजन्य उत्पादनमा काठको उत्पादन ३१.५३ प्रतिशतले वृद्धि भएको छ भने दाउराको उत्पादनमा ४५.५३ प्रतिशतले कमी आएको छ । मनाङ जिल्लामा यस अघिका वर्षमा औषधिजन्य वस्तुको बिक्री योजना बन्न नसकेको र यस वर्ष योजना बनी बिक्री वितरण भएको तथा गत आर्थिक वर्षमा औषधिजन्य वस्तुको विक्री शून्य भएकोमा समीक्षा अवधिमा २४२३.१५ के. जी बिक्री भएकाले समग्रमा यस प्रदेशको औषधिजन्य वस्तुको उत्पादनमा उल्लेख्य वृद्धि देखिएको छ ।

**तालिका ३.७**
**वनजन्य उत्पादन**

| विवरण | एकाइ | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| काठ | क्युविक फिट | ४,८८,४३५.९१ | ७,१५,२५६.७७ | ९,४०,७४७.९९ | ४६.४४ | ३१.५३ |
| दाउरा | चट्टा | ६२६.६४ | १४७९.३६ | ८०८.०१ | १३६.०८ | -४५.३८ |
| औषधिजन्य वस्तु | मे.टन | ४०.४७ | ८.४८ | २,४५९.९९ | -७९.०५ | २८,९०९.३२ |
| अन्य उत्पादन | मे.टन | ०.९९ | ०.०० | ५,००२.१८ | -१००.०० | ०.०० |

*स्रोत: जिल्ला वन कार्यालयहरू, गण्डकी प्रदेश, २०८२ पुस ।*

समीक्षा अवधिमा वन कार्यालयहरूले निजी आवादी जग्गामा रहेको वनको काठ कटानका लागि स्वीकृति दिएको, ग्रामीण क्षेत्रहरूमा समेत सडक पूर्वाधारको सञ्जाल विस्तार भएको र निजी वनबाट काठ कटानका लागि अघिल्ला वर्षको भन्दा बढी स्वीकृति प्रदान गरेकाले काठको उत्पादनमा वृद्धि देखिएको छ । निजी क्षेत्रमा बाँदर नियन्त्रणका लागि विभिन्न स्थानीय तहले अभियान नै चलाई रुखहरु कटान गर्न लगाएकोले समेत काठको उत्पादन वृद्धि भएको छ ।

### ३.४.२ जिल्लागत स्थिति

समीक्षा अवधिमा काठको उत्पादनमा बाग्लुङ जिल्लाको हिस्सा सबैभन्दा बढी २७.३५ प्रतिशत र मनाङ जिल्लाको हिस्सा शून्य रहेको छ ।

**तालिका ३.८**
**काठको उत्पादन (जिल्लागत)**

क्युविक फिट

| विवरण | आ.व.२०८१/८२ | आ.व.२०८२/८३ | हिस्सा (प्रतिशत) | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| गोरखा | १७४,९८०.९८ | १८०,८८७.६६ | १९.२३ | ३.३८ |
| मनाङ | - | - | - | ०.०० |
| मुस्ताङ | १५,०७२.२५ | २३,८९२.४६ | २.५४ | ५८.५२ |
| म्याग्दी | ३१,८२४.४३ | ३३,७७८.०१ | ३.५९ | ६.१४ |
| कास्की | २९,८४७.३२ | ३७,९९२.११ | ४.०४ | २७.२९ |
| लमजुङ | १६२,६१५.१२ | २३६,८८८.६२ | २५.१८ | ४५.६७ |
| तनहुँ | ३९,१९६.४० | ४३,६४२.३४ | ४.६४ | ११.३४ |
| नवलपरासी (पूर्व) | ६२,९७८.३५ | ४३,४९२.०० | ४.६२ | -३०.९४ |
| स्याङ्जा | २७,२२१.८२ | ३७,४१६.०० | ३.९८ | ३७.४५ |
| पर्वत | ४८,६०८.०० | ४५,४९९.९४ | ४.८४ | -६.३९ |
| बाग्लुङ | १२२,९१२.१० | २५७,२५८.८५ | २७.३५ | १०९.३० |
| **जम्मा** | **७१५,२५६.८** | **९४०,७४७.९९** | **१००.०** | ३१.५३ |


*स्रोत: जिल्ला वन कार्यालयहरू, गण्डकी प्रदेश, २०८२ पुस ।*

## ३.५ सिँचाई

### ३.५.१ प्रदेशगत विवरण

आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्म यस प्रदेशमा ३ लाख ६५ हजार ३४ हेक्टर क्षेत्रफलमा खेती गरिएको छ । यो क्षेत्रफल अघिल्लो बर्षको सोही अवधिको तुलनामा ०.०१ प्रतिशतले बढी हो । यस प्रदेशको कुल खेतीयोग्य क्षेत्रफलको ३३.२७ प्रतिशत भू-भागमा (१ लाख ५० हजार ८ सय ७१ हेक्टर क्षेत्रफल) सिँचाई सुविधा पुगेको छ ।

**चार्ट ३.३**
**सिँचाई क्षेत्रमा भएको विस्तार (हेक्टरमा)**




*स्रोत : जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरु, गण्डकी प्रदेश, २०८२ पुस ।*

समीक्षा अवधिमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफलमा ०.२९ प्रतिशतले वृद्धि भएको छ । कुल सिञ्चित क्षेत्रफलमध्ये ४०.७४ प्रतिशत कुलो र ५८.३२ प्रतिशत नहरबाट भएको छ भने पोखरी, बोरिङ्ग तथा थोपा सिँचाई प्रणालीबाट बाँकी ०.६५ प्रतिशत सिँचाइ भएको छ ।

**तालिका ३.९**
**खेतीयोग्य तथा सिँचित भू-भागको क्षेत्रफल**

क्षेत्रफल हेक्टरमा

| | २०८०/८१ (साउन-पुस) | २०८१/८२ (साउन-पुस) | २०८२/८३ (साउन-पुस) | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| कुल सिञ्चित क्षेत्रफल | १,४९,७५३.०० | १,५०,४३९.०० | १,५०,८७१.०० | ०.२९ |
| कुल खेतीयोग्य क्षेत्रफल | ४,५०,७८९.०० | ४,५३,४८९.०० | ४,५३,४८९.०० | ०.०० |
| खेती गरिएको क्षेत्रफल | ३,६४,८८५.०० | ३,६५,०११.०० | ३,६५,०३४.०० | ०.०१ |

*स्रोत : जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयहरु, गण्डकी प्रदेश, २०८२ पुस ।*

## ३.५.२ जिल्लागत विवरण

आर्थिक वर्ष २०८२/८३ को प्रथम अर्धवार्षिक अवधिसम्म जिल्लागत अध्ययन गर्दा कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा कुल सिञ्चित क्षेत्रफल सबैभन्दा बढी मुस्ताङ जिल्लामा (९७.३१ प्रतिशत) रहेको छ भने सबैभन्दा कम तनहुँ जिल्लामा (१०.४६ प्रतिशत) रहेको छ । विशेष गरी कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा कुल सिञ्चित क्षेत्रफललाई हेर्दा गण्डकी प्रदेशको अन्य जिल्लाहरुको तुलनामा मुस्ताङ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), कास्की, गोरखा र पर्वत जिल्लामा राम्रो सुविधा रहेको छ ।

**तालिका ३.१०**
**खेतीयोग्य तथा सिंचित भू-भागको क्षेत्रफल (जिल्लागत)**

| जिल्ला | कुल सिञ्चित क्षेत्रफल (हेक्टरमा) | कुल खेतीयोग्य क्षेत्रफल (हेक्टरमा) | खेती गरिएको क्षेत्रफल (हेक्टरमा) | कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा सिञ्चित क्षेत्रफल |
|---|---|---|---|---|
| गोरखा | २५,८१०.०० | ५५,६९६.०० | ५४,०१६.०० | ४६.३४ |
| मनाङ | ४४१.०० | २,१५३.०० | २,०४२.०० | २०.४८ |
| मुस्ताङ | ५,३२३.०० | ५,४७०.०० | ४,१२०.०० | ९७.३१ |
| म्याग्दी | ६,११०.० | ३०,४५६.०० | १९,४९८.०० | २०.०६ |
| कास्की | १३,०५१.०० | २८,६३१.०० | २६,९३२.०० | ४५.५८ |
| लमजुङ | १५,६५८.०० | ५८,३७५.०० | ४५,७४७.०० | २६.८२ |
| तनहुँ | ६,८०४.०० | ६५,०६१.०० | ५१,५१०.०० | १०.४६ |
| नवलपरासी (पूर्व) | ४१,३०८.०० | ६०,१७५.०० | ५५,३०४.०० | ६८.६५ |
| स्याङ्जा | १९,२७४.०० | ७२,७३१.०० | ५०,५६४.०० | २६.५० |
| पर्वत | १०,१७९.०० | २८,५९३.०० | २४,७३७.०० | ३५.६० |
| बाग्लुङ | ६,९१३.०० | ४६,१४८.०० | ३०,५६४.०० | १४.९८ |
| **जम्मा** | **१५०,८७१.०** | **४५३,४८९.०** | **३६५,०३४.०** | ३३.२७ |

*स्रोतः जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयहरु, गण्डकी प्रदेश, पुस २०८२ ।*

**बक्स १: ल्वाङ टी स्टेट प्रा.लि.**

कास्की जिल्लाको माछापुच्छ्रे गाँउपालिकामा रहेको ल्वाङ गाँउ र त्यहँको प्राकृतिक सौन्दर्य ग्रामीण पर्यटकको उत्कृष्ट संगमका रुपमा रहेको छ । माछापुच्छ्रे हिमालको काखमा फैलिएको ल्वाङ गाउँमा भिरालो जमिनमा लगाइएको चियाका बोटले पहाडलाई नै आकर्षक देखाएको छ । विक्रम सम्बत २०५३ सालमा स्थानीय कृषकहरुको व्यक्तिगत पहलबाट शुरु भएको चिया खेती हाल व्यवसायिक रुपमा सञ्चालनमा रहेको छ । १ सय १४ जना ल्वाङवासी कृषकको करिब १२०० रोपनी क्षेत्रफलमा फैलिएको यस चिया बगानबाट उत्पादित अर्गानिक White, Golden, Green, Black तथा विविध प्रकारका Handcrafted Tea (Tea Ball, Dragon Ball र Blooming Tea) चिया विदेशमा समेत लोकप्रिय छ । यहाँको चिया चीन लगायत युरोपका विभिन्न मुलुकमा निर्यात हुने गरेको छ । औसत ३० जनाले रोजगारी पाईरहेको ल्वाङ टी स्टेट प्रा.लि.ले वार्षिक करिब ६० लाख आम्दानी गर्ने गरेको छ । व्यवसायिक रुपमा सञ्चालनमा आएको चिया बगानबाट कृषकको आय-अर्जनमा टेवा पुग्नुका साथै यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा समेत सघाउ पुगेको छ ।





## ३.६ जिल्लागत कृषि कर्जा

२०८२ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट कृषि क्षेत्रमा प्रवाहित कर्जा २०८१ पुस मसान्तको तुलनामा ११ प्रतिशतले कमी आई रु.२३ अर्ब १६ करोड २९ लाख कायम भएको छ ।

**तालिका ३.११**
**जिल्लागत कृषि कर्जा**

रकम रु दश लाखमा

| जिल्ला | २०८१ पुस मसान्त | | २०८२ पुस मसान्त | | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | कृषि कर्जा | जिल्लागत हिस्सा (प्रतिशतमा) | कृषि कर्जा | जिल्लागत हिस्सा (प्रतिशतमा) | |
| कास्की | १०,२७३.९४ | ३९.५ | ८,७२५.३९ | ३७.७ | -१५.०७ |
| स्याङ्जा | २,०१४.३३ | ७.७ | १,६२५.०४ | ७.० | -१९.३३ |
| तनहुँ | ३,२५४.७२ | १२.५ | ३,०३१.६२ | १३.१ | -६.८५ |
| गोरखा | १,३२१.६० | ५.१ | १,२७६.१२ | ५.५ | -३.४४ |
| लमजुङ | १,६६४.८० | ६.४ | १,५१८.०७ | ६.६ | -८.८१ |
| मनाङ | ९९.९५ | ०.४ | ९७.०० | ०.४ | -२.९५ |
| मुस्ताङ | २१६.९८ | ०.८ | १८७.१३ | ०.८ | -१३.७५ |
| पर्वत | ८५५.८५ | ३.३ | ७७३.५९ | ३.३ | -९.६१ |
| बाग्लुङ | १,०६२.४२ | ४.१ | १,०३८.०१ | ४.५ | -२.३० |
| म्याग्दी | ६७५.५३ | २.६ | ६४१.४८ | २.८ | -५.०४ |
| नवलपरासी (पूर्व) | ४,५८५.३८ | १७.६ | ४,२४९.५५ | १८.३ | -७.३२ |
| **जम्मा** | २६,०२५.५० | १००.०० | २३,१६२.९९ | १००.० | -११.०० |

*स्रोतः नेपाल राष्ट्र बैंक, पुस २०८२ ।*

यस प्रदेशमा प्रवाहित कुल कर्जामा कृषि कर्जाको अंश ६.३८ प्रतिशत रहेको छ । प्रदेशको कुल कृषि कर्जामा सबैभन्दा बढी हिस्सा कास्की जिल्लामा ३७.७ प्रतिशत र सबैभन्दा कम हिस्सा मनाङ जिल्लामा ०.४ प्रतिशत प्रवाह भएको छ । गत वर्षको पुष मसान्तमा प्रवाहित कृषि कर्जाको तुलनामा समीक्षा अवधिमा यस प्रदेशको कृषि कर्जा ११ प्रतिशतले ह्रास भएको छ ।

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.७.१ चुनौती

१. व्यवस्थित बजारीकरणको अभाव, कृषि श्रमिकको कमी तथा कृषि बिमा कार्यक्रमको कार्यान्वयनमा कठिनाई रहनु ।

२. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि मल, उन्नत बिउ, प्रविधि, सिँचाई, विद्युत, प्राविधिक सेवा दिगो र सर्वसुलभरुपमा उपलब्ध गराउनु, खेतीयोग्य जग्गाको खण्डीकरण रोक्नु, जग्गा बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्नु, बाँदर तथा वन्यजन्तुबाट हुने हानी नोक्सानी न्यूनीकरण गर्नु ।

३. कृषि पेशा तथा पशुपालन व्यवसायलाई सम्मानित पेशाको रुपमा विकास गर्नु तथा यस क्षेत्रमा युवाको सहभागिता बढाउनु ।

४. कृषि तथा पशुपालन क्षेत्रमा समय-समयमा देखिने महामारीजन्य रोगबाट हुने जोखिम न्यूनीकरण गर्नु ।

५. कृषि तथा पशुसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गर्ने निकायको रुपमा रहेका कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र लगायतलाई आवश्यक स्रोत र साधनको व्यवस्था गरी एकद्वार प्रणालीमार्फत् तथ्याङ्क सङ्कलन गर्नु ।

६. कृषि उत्पादनलाई बजारमा सहज पहुँच पुग्ने गरी आधारभूत संरचनाको विकास गर्नु, कृषि उत्पादन भण्डारण सुविधा, प्रशोधन केन्द्र, यातायात सेवा, कृषि उत्पादनको बजारीकरण प्रक्रियामा संस्थागत सञ्जालको विस्तार र ग्रामीण क्षेत्रमा आधारभूत सेवाहरूको पहुँच पुऱ्याउनु ।

७. जैविक विविधताको सन्तुलन र पारम्परिक बालीहरूको संरक्षण गर्दै जलवायु परिवर्तनको असरलाई कम गर्न जलवायु अनुकूल कृषि प्रविधिको प्रयोग गर्ने र वातावरणीय सन्तुलन कायम राख्ने कृषि प्रणालीलाई सुदृढ बनाउन रोग नियन्त्रणका लागि जैविक सुरक्षा तथा नियमित खोप अभियान सुदृढ गर्नु ।

८. माटोको गुणस्तर बढाउन, बिउमा आत्मनिर्भर बन्न, नगदे बाली लगाउन, कृषिमा मेसिन प्रयोग गर्न, रोग नलाग्ने बाली विस्तार गर्न र सहकारी संस्थासँग स्थानीय कृषकको वित्तीय एवम् व्यवसायिक सम्बन्ध बलियो र प्रभावकारी बनाउन, कृषि उपकरण र स्रोत सजिलै उपलब्ध गराउन, उत्पादन भइसकेपछि हुने नोक्सानी कम गर्न, बजारको संरचना सुधार्न र व्यवस्थित मूल्य निर्धारण गर्ने प्रक्रिया तथा कृषि उत्पादन र उत्पादकत्व बढाई आत्मनिर्भर बन्न चुनौतीपुर्ण छ ।

### ३.७.२ सम्भावना

१. ग्रामीण तथा कृषि सडक विस्तार गर्दै हिमाली क्षेत्रमा उत्पादन हुने स्याउ, खुर्पानी, आलुको बजारसम्मको पहुँच विस्तार गरी त्यस्ता वस्तुको उत्पादन बढाउन सक्ने देखिन्छ ।

२. प्रदेश तथा स्थानीय सरकारले कृषि तथा पशुजन्य उत्पादनको बजारीकरण तथा भण्डारणका लागि आवश्यक सहजीकरण गर्न सके उत्पादित वस्तुले उचित मूल्य तथा राम्रो बजार पाउने हुँदा त्यसतर्फ कृषकको आकर्षण बढाउन सकिने सम्भावना रहेको छ ।

३. कृषि ऋण तथा अनुदानको प्रभावकारी कार्यान्वयन, उन्नत मल, बीउ तथा उपकरणको उपलब्धता, उचित प्राविधिक सेवाको उपलब्धता, कृषि तथा पशुपालन सम्बन्धी सीप र तालिमको व्यवस्था, रोगको रोकथाम तथा नियन्त्रण, बाँदर तथा वन्यजन्तुबाट हुने क्षतिको प्रभावकारी न्यूनीकरण इत्यादि गर्न सके कृषि तथा पशुजन्य उत्पादन र उत्पादकत्वमा वृद्धि हुने सम्भावना रहेको छ ।

४. गण्डकी प्रदेशमा विभिन्न कृषि उत्पादनको सम्भावना भएका चेपेटार, हाँडीटार, राइनसटार तथा अन्य टारमा लिफ्ट सिँचाई मार्फत् सिँचाइको पहुँच पुऱ्याउन सकिएमा कृषि उत्पादनमा वृद्धि हुने सम्भावना रहेको छ ।

५. मनाङ र मुस्ताङ जिल्लामा व्यावसायिक स्याउ खेती तथा कास्की, स्याङ्जा, गोरखा, बाग्लुङ र पर्वतमा व्यवसायिक सुन्तला खेतीको उच्च सम्भावना रहेको छ । साथै, उच्च हिमाली क्षेत्रमा पाइने यार्सागुम्बा लगायतका जडीबुटीको बजारीकरण गर्न समुदाय, सहकारी र स्थानीय तहको समन्वयात्मक कार्यक्रम ल्याउन सकिएमा जडीबुटीको राम्रो सम्भावना रहेको छ ।

६. उच्च पहाडी क्षेत्रमा भेडा, च्याङ्ग्रा र चौरीपालन व्यवसाय प्रवर्द्धन गर्न सकिने उच्च सम्भावना रहेको छ । पशुपालन व्यवसाय प्रवर्द्धनले ऊन, दूध, छुर्पी र मासुको उत्पादन समेत वृद्धि हुने देखिन्छ । अन्य पहाडी जिल्लामा समेत व्यावसायिक पशुपालनको सम्भावना रहेको छ ।

७. होटल व्यवसायीलाई स्थानीय कृषि उत्पादन खपत गर्न थप प्रोत्साहन गर्न सकिए कृषि र पर्यटन सेवाबीचको अन्तरआवद्धता बढी दुवै क्षेत्रको विस्तारमा सहयोग पुग्ने सम्भावना रहेको देखिन्छ ।

८. कृषियोग्य जमिन जोगाउन तीनै तहका सरकारबीच सहकार्य गरी बाँझो जमिनलाई प्रयोगमा ल्याई त्यस्ता जमीनमा औषधीजन्य बोटबिरुवा तथा जडीबुटी खेती गर्ने, जग्गालाई एकत्रित गरी ठूला उत्पादन क्षेत्र बनाउने, आधुनिक उपकरण प्रयोग गरी कृषि उत्पादनमा विविधीकरण गरी व्यवसायिक कृषि उत्पादन गर्ने, सोको ढुवानी, भण्डारण र प्रशोधन गरी व्यवस्थित बजार बनाउन सञ्जाल विस्तार गर्दै कृषि क्षेत्रको मूल्य र बजारीकरणमा सुधार गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेद ४
# उद्योग क्षेत्र

आर्थिक वर्ष २०८१/८२ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा १६.४ प्रतिशत रहेको छ । यस प्रदेशको उद्योग क्षेत्रमा साना र मझौला उद्योगहरूको उल्लेख्य उपस्थिति रहेको छ । गण्डकी प्रदेशको आर्थिक सर्वेक्षणका अनुसार आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्ममा गण्डकी प्रदेश मातहत दर्ता भएका कुल उद्योगको सङ्ख्या ६८ हजार १ सय ४९ पुगेको छ भने वाणिज्य फर्मको सङ्ख्या ६७ हजार ८ सय ४१ पुगेको छ । प्रस्तुत परिच्छेदमा गण्डकी प्रदेशको औद्योगिक क्षेत्रको स्थितिको संक्षिप्त विश्लेषण गरिएको छ । साथै, औद्योगिक कर्जाको स्थिति एवम् उद्योग क्षेत्रमा देखिएको समस्या, चुनौती र सम्भावना समेतलाई समेटिएको छ ।


## ४.१ उद्योगको क्षमता उपयोग र उत्पादन

### ४.१.१ प्रदेशगत विवरण

क) आर्थिक वर्ष २०८१/८२ को प्रथम अर्धवार्षिक अवधिमा यस प्रदेश अन्तर्गतका नमुना छनोटमा समेटिएका १४ उद्योगको औसत क्षमता उपयोग गत वर्षको सोही अवधिको तुलनामा १ प्रतिशत बिन्दुले कमी आई ३९.५६ प्रतिशत रहेको छ । यस प्रदेशमा औसत क्षमता उपयोगभन्दा बढी उत्पादन क्षमता भएका उद्योगमा वियर, बिस्कुट, चुरोट, प्रशोधित दूध, तोरीको तेल, लिक्विड औषधी, क्याप्सुल औषधी र चकलेटका उद्योग रहेका छन् । औसतभन्दा कम क्षमता उपयोग भएकामा सिमेन्ट उद्योग, चाउचाउ, ट्याब्लेट औषधी, ईंटा उद्योग, ओइन्टमेन्ट औषधी र ड्राई सिरप औषधीका उद्योग रहेका छन् ।

**चार्ट ४.१**

**प्रमुख औद्योगिक वस्तुको क्षमता उपयोग (प्रतिशतमा)**




*स्रोत : अध्ययन क्षेत्रका उद्योगहरू, पुस २०८२ ।*

(ख) आर्थिक वर्ष २०८२/८३ को प्रथम अर्धवार्षिक अवधिमा अघिल्लो आर्थिक बर्षको सोही अवधिको तुलनामा तोरीको तेल, ड्राई सिरप, क्याप्सुल औषधी, ओइन्टमेन्ट औषधी, ट्याब्लेट औषधी, झोल औषधी, सिमेन्ट, चाउचाउ, वियर, विस्कुट र चकलेटको उत्पादनमा क्रमशः १०२.५५ प्रतिशत, ७५.८० प्रतिशत, ७३.५७ प्रतिशत, ५७.४४ प्रतिशत, ५२.२८ प्रतिशत, ३६.०६ प्रतिशत, ९.०४ प्रतिशत, ८.३० प्रतिशत, ८.२४ प्रतिशत, ६.७६ प्रतिशत र १.६१ प्रतिशतले वृद्धि भएको छ भने प्रशोधित दूध र चुरोटको उत्पादन क्रमशः १६.५३ प्रतिशत, ४.५७ प्रतिशतले कमी आएको छ । नमुना छनोटमा समेटिएका मध्ये ईंटा उद्योगबाट समीक्षा अवधिमा उत्पादन भएको पाइएन ।

**तालिका ४.१**
**औद्योगिक उत्पादन**

| उत्पादित वस्तुको नाम | एकाई | २०८१/८२ (साउन-पुस) | २०८२/८३ (साउन-पुस) | प्रतिशत परिवर्तन | क्षमता उपयोग |
|---|---|---|---|---|---|
| तोरीको तेल | मे.टन | १,४५०.०० | २९३७.०० | १०२.५५ | ५१.०० |
| प्रशोधित दूध | हजार लिटर | ४,६२१.७२ | ३८५७.९६ | -१६.५३ | ४२.७० |
| विस्कुट | मे.टन | ३,५५०.६८ | ३७९०.७० | ६.७६ | ७४.०० |
| चकलेट | मे.टन | २,००५.६५ | २०३८.०० | १.६१ | ४२.४० |
| चाउचाउ | मे.टन | २,८७५.६९ | ३११४.३० | ८.३० | ३३.०० |
| वियर | हजार लिटर | ४९८९१.८७ | ५४००१.२३ | ८.२४ | ६६.१० |
| चुरोट | दस लाख खिल्ली | १,९३७.०७ | १८४८.५७ | -४.५७ | ५१.३० |
| ट्याब्लेट | हजार थान | ६०८७९.३९ | ९२७०७.८५ | ५२.२८ | २९.०० |
| क्यापसुल | हजार थान | ८३५१.१५ | १४४९५.२१ | ७३.५७ | ४८.७० |
| ओइन्टमेन्ट | हजार ट्युब | ३५८.५१ | ५६४.४३ | ५७.४४ | २३.३० |
| ड्राइ सिरप | हजार बोतल | १५०.४० | २६४.४१ | ७५.८० | ५.६० |
| लिक्विड | हजार बोतल | ९११.०९ | १२३९.६० | ३६.०६ | ६९.८० |
| ईंटा | दस लाख गोटा | १.३५ | - | - | - |
| सिमेण्ट | मे.टन | ४,३२,९७९ | ४,७२,११५.९८ | ९.०४ | १७.०० |

*स्रोत: अध्ययन क्षेत्रका उद्योगहरू, पुस २०८२।*

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

समीक्षा अवधिमा गण्डकी प्रदेशमा बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको औद्योगिक कर्जामा ०.३२ प्रतिशतले वृद्धि भई कुल रु.२८ अर्ब ७२ करोड रहेको छ । गण्डकी प्रदेशमा प्रवाहित कुल कर्जामा औद्योगिक कर्जाको हिस्सा ७.९१ प्रतिशत रहेको छ।

**तालिका ४.२**
**क्षेत्रगत औद्योगिक कर्जा**

*रकम रु दश लाखमा*

| विवरण | २०८१ पुस मसान्त | २०८२ पुस मसान्त | परिवर्तन प्रतिशत | क्षेत्रगत औद्योगिक कर्जा (प्रतिशतमा) |
|---|---|---|---|---|
| खानी सम्बन्धी | २४२.८ | ३१८.३० | ३१.१ | १.११ |
| कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी | ८,५०८.२ | ७५८४.९० | -१०.९ | २६.४१ |
| गैरखाद्य वस्तु उत्पादन सम्बन्धी | ८,६५०.८ | ८३१०.७० | -३.९ | २८.९४ |
| निर्माण सम्बन्धी | ८,१६७.६ | ८७५४.३० | ७.२ | ३०.४८ |
| विद्युत, ग्यास तथा पानी सम्बन्धी | ४८४.७ | १००२.६ | १०६.९० | ३.४९ |
| धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक सम्बन्धी | २,५७३.४ | २७४९.६० | ६.८ | ९.५७ |
| **कुल औद्योगिक कर्जा** | **२८,६२७.३८** | **२८७२०.३०** | **०.३२** | |

*स्रोत: नेपाल राष्ट्र बैंक, पुस मसान्त २०८२।*

उक्त कर्जामध्ये सबैभन्दा बढी निर्माण सम्बन्धी उपशीर्षकमा रु.८ अर्ब ७५ करोड (३०.४८ प्रतिशत), गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उपशीर्षकमा रु.८ अर्ब ३१ करोड (२८.९४ प्रतिशत), कृषि, वन तथा पेय पदार्थ उपशीर्षकमा रु.७ अर्ब ५८ करोड (२६.४१ प्रतिशत), धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उत्पादन सम्बन्धी उपशीर्षकमा रु.२ अर्ब ७४ करोड (९.५७ प्रतिशत), विद्युत, ग्यास तथा

पानी उत्पादन सम्बन्धी उपशीर्षकमा रु.१ अर्ब (३.४९ प्रतिशत) र खानी सम्बन्धी उत्पादन उपशीर्षकमा रु.३१ करोड (१.११ प्रतिशत) कर्जा लगानी रहेको छ ।

## ४.३ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

### ४.३.१ चुनौती

१. अधिकांश उद्योगको उत्पादन क्षमता न्यून (औसत उत्पादन क्षमता उपयोग ३९.८५ प्रतिशत) देखिएकोले त्यस्ता उद्योगहरूलाई पूर्ण क्षमतामा सञ्चालन गर्न आवश्यक श्रमिक/कर्मचारी, सुरक्षा, विद्युत, कच्चा पदार्थको उपलब्धता, स्वदेशी उत्पादनका लागि उचित बजार लगायत अन्य भौतिक पूर्वाधार उपलब्ध गराउनु ।

२. उद्योगको लागि आवश्यक सिपमुलक तथा दक्ष जनशक्तिको अभाव तथा पुँजी र अत्यावश्यक कच्चा पदार्थको आपूर्ति सहज गर्नु ।

३. पर्यटन व्यवसाय तथा स्थानीयस्तरमा माग भएका खाद्य पदार्थ प्रदेशभित्रै उत्पादन गरेर स्थानीय अर्थतन्त्रलाई बढावा दिनु ।

४. औद्योगिक क्षेत्रमा पूर्वाधारको विकास बढाउँदै जानु तथा नयाँ प्रविधिको प्रयोग गरी प्रदेशका उद्योगलाई प्रतिस्पर्धी बनाउनु ।

५. विभिन्न प्रयोजनका लागि बढ्दो वैदेशिक पलायनले मागमा कमी देखिएको परिप्रेक्ष्यमा औद्योगिक क्षेत्रमा वैदेशिक लगानी आकर्षित गरी उत्पादन तथा रोजगारीमा वृद्धि गर्नु ।

६. बढ्दो उत्पादन लागतले उद्योगको प्रतिस्पर्धात्मक क्षमता ह्रास आई अन्तर्राष्ट्रिय उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्नु । सञ्चालित उद्योगलाई उत्पादन र उत्पादकत्वका दृष्टिले प्रतिस्पर्धी बनाउनु ।

७. घरजग्गाको मूल्य अत्यधिक बढेको हुँदा नयाँ उद्योग स्थापना र विस्तारका लागि जग्गा खरिद गर्ने कार्य ।

८. स्थानीय स्तरमा प्राविधिक र दक्ष जनशक्ति टिकाइराख्ने कार्य ।

### ४.३.२ सम्भावना

१. गण्डकी आर्थिक त्रिभुज परियोजना, मेक इन नेपाल र मेड इन नेपाल अभियान लगायत विभिन्न उद्योगहरुको लागि कानुनी सुधार, आवश्यक सडक, विद्युत, प्रसारण लाइन र इन्टरनेट सेवा लगायतका पूर्वाधारको विकासको प्रभावकारी कार्यान्वयन भएमा यस प्रदेशमा औद्योगिक क्षेत्रको विकासको राम्रो सम्भावना रहेको छ ।

२. स्वदेशी उत्पादनको प्रयोगलाई प्राथमिकतामा राख्ने तथा सरकारी एवम् गैरसरकारी निकायमा हुने आवश्यक सामग्रीको प्रयोगमा स्वदेशी उत्पादनलाई बढावा दिन सके स्वदेशी उत्पादनमा थप वृद्धि हुने सम्भावना रहेको छ ।

३. कृषि क्षेत्र तथा स्थानीय स्रोत, साधन र सीपमा आधारित औद्योगिक उत्पादनमा जोड दिई औद्योगिक उपजको निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्न सकिने सम्भावना रहेको छ ।

४. यस प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाको उपस्थिति, निक्षेपको अवस्था र न्यून ब्याजदरले उद्योगमा लगानी गरी उत्पादन बढाउन तथा वित्तीय पहुँच विस्तार गर्न सकिने सम्भावना रहेको छ ।

५.	गण्डकी प्रदेश पर्यटकीय राजधानी हुनुका साथै यस प्रदेशमा थुप्रै पर्यटकीय गन्तव्य समेत रहेको हुँदा बढ्दो पर्यटनले माग गर्ने खाद्य सामाग्री र अन्य उत्पादनको मागलाई पूर्ति गर्न कृषि तथा कृषिमा आधारित उद्योगको विकासको राम्रो सम्भावना रहेको छ ।

६.	गण्डकी प्रदेश पर्यटकको लागि आकर्षणको केन्द्र भएकोले स्थानीय कच्चा पदार्थमा निर्मित सामाग्री र हस्तकलाका सामान उत्पादन गरी बिक्रीवितरण गर्न सक्ने सम्भावना रहेको छ ।

७.	नेपालका मर्स्याङ्गदी, कालीगण्डकी जस्ता ठूला नदी यसै प्रदेशमा रहेकोले उर्जामा आत्मनिर्भर भएर कर्जा खपत हुने ठूला उद्योग आकर्षित गर्न सक्ने सम्भावना रहेको छ ।

# परिच्छेद ५
# सेवा क्षेत्र

गण्डकी प्रदेशको आर्थिक विकासमा सेवा क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ । यस प्रदेशको आर्थिक वर्ष २०८१/८२ को कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ५५.८ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ । यस परिच्छेदमा गण्डकी प्रदेशमा पर्यटन, सार्वजनिक निर्माण तथा रियलस्टेट, वित्तीय सेवा, यातायात, शिक्षा, स्वास्थ्य लगायत समग्र सेवा क्षेत्रको स्थितिको विश्लेषण गर्नुको साथै ती क्षेत्रमा देखिएका समस्या, चुनौती र सम्भावना समेटिएका छन् ।

## ५.१ पर्यटन

आर्थिक वर्ष २०८२/८३ को प्रथम अर्धवार्षिक अवधिमा नमुना छनोटमा समेटिएका १० होटलको शैया संख्या ४.८ प्रतिशतले वृद्धि भई १ लाख ५८ हजार ४ सय रहेको छ । त्यस्तै, जेन-जी आन्दोलनको प्रभावका कारण विदेशी पर्यटक आगमन संख्यामा ३३.२० प्रतिशतले ह्रास आएको छ । समीक्षा अवधिमा शैया बिक्री संख्यामा ११.७८ प्रतिशतले कमी आई ५० हजार २ सय ४१ रहेको छ ।

**तालिका ५.१**
**पर्यटकको आगमन**

| विवरण | आ.व २०८१/८२ (साउन-पुस) | आ.व २०८२/८३ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| होटलको शैया संख्या | १,५१,२००.०० | १,५८,४००.०० | ४.७६ |
| शैया बिक्री | ५६,९५२.०० | ५०,२४१.०० | -११.७८ |
| होटल अकुपेन्सी | ३७.६७ | ३१.७२ | -१५.७९ |
| विदेशी पर्यटक आगमन संख्या | ६३,५५७.०० | ४२,४५८.०० | -३३.२० |
| प्रत्यक्ष रोजगारी संख्या | ६४०.०० | ५९५.०० | -७.०३ |

*स्रोत: अध्ययनमा समावेश गरिएका होटल तथा रिसोर्ट, पुस २०८२ ।*

### ५.१.१ हवाई सेवा

आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्म पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा २१ हवाई सेवा कम्पनीद्वारा ६,५७५ उडान भएको छ । गत वर्षको सोही अवधिको तुलनामा यो उडान १.५९ प्रतिशतले बढी रहेको छ । त्यसैगरी, अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा अवधिमा हवाई सेवा कम्पनीको समग्र सिट उपयोगमा १०.७५ प्रतिशतले ह्रास आएको छ । साथै, समीक्षा अवधिमा हवाई कम्पनीको कुल सिट क्षमताको ७३.५२ प्रतिशत उपभोग भएको छ । समीक्षा अवधिमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट २७ वटा अन्तर्राष्ट्रिय उडान मार्फत् ३,४५६ सिट क्षमतामध्ये ३६४ उपयोग भएको छ ।

**तालिका ५.२**
**हवाई सेवा**

| विवरण | आ.व २०८१/८२ (साउन-पुस) | आ.व २०८२/८३ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| **हवाई सेवा कम्पनी संख्या** | **२१** | **२१** | **०.०** |
| आन्तरिक | १८ | १९ | ५.५६ |
| अन्तर्राष्ट्रिय | ३ | २ | -३३.३३ |
| **हवाई सेवा उडान संख्या (समग्र)** | **६४७२** | **६५७५** | **१.५९** |
| आन्तरिक | ६४६८ | ६५४८ | १.२४ |
| अन्तर्राष्ट्रिय | ४ | २७ | ५७५.०० |
| **हवाई सेवा कम्पनीको सिट क्षमता** | **३०२९५३** | **२९८११६** | **-१.६०** |
| आन्तरिक | ३०२६८५ | २९४६६० | -२.६५ |
| अन्तर्राष्ट्रिय | २६८ | ३४५६ | ११८९.५५ |
| **हवाई सेवा कम्पनीको सिट उपयोग (समग्र)** | **२४५५७७** | **२१९१८७** | **-१०.७५** |
| आन्तरिक | २४५४६० | २१८८२३ | -१०.८५ |
| अन्तर्राष्ट्रिय | ११७ | ३६४ | २११.११ |
| **हवाई सेवा कम्पनीको सिट उपयोग (प्रतिशत)** | **८१.०६** | **७३.५२** | **-९.३०** |
| आन्तरिक | ८१.०९ | ७४.०६ | -८.४२ |
| अन्तर्राष्ट्रिय | ४३.६६ | १०.५३ | -७५.८७ |

*स्रोत: नेपाल नागरिक उड्डयन प्राधिकरण, पुस २०८२।*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा यस प्रदेशमा रहेका महानगर/नगरपालिकाबाट स्वीकृत घर/जग्गा रजिष्ट्रेशन संख्यामा गत वर्षको सोही अवधिको तुलनामा ४.९१ प्रतिशतले ह्रास आई १२ हजार ६ सय १३ कायम भएको छ। पुराना भवनको अभिलेखीकरण, बढ्दो शहरीकरण, बैंक तथा वित्तीय संस्थाबाट न्यून व्याजदरमा घरकर्जा उपलब्ध हुँदा घर निर्माण कार्यमा वृद्धि भई नक्सा पास संख्या १.३७ प्रतिशतले वृद्धि भएको छ। घर जग्गा रजिष्ट्रेशन वापतको राजस्व गत वर्षको तुलनामा ५६.३४ प्रतिशतले वृद्धि भई रु. १ अर्ब २८ करोड २२ लाख सङ्कलन भएको छ।

**तालिका ५.३**
**सार्वजनिक निर्माण तथा रियलस्टेट**

| विवरण | २०८१/८२ (साउन-पुस) | २०८२/८३ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन संख्या | १३,२६४ | १२,६१३ | -४.९१ |
| घर/भवन स्थायी नक्सा पास संख्या | १,१६४ | १,१८० | १.३७ |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.दश लाखमा) | ८२०.१३ | १,२८२.२२ | ५६.३४ |

*स्रोत : मालपोत कार्यालय तथा महानगरपालिका/नगरपालिका कार्यालय, भूमी व्यवस्था तथा अभिलेख विभाग, पुस २०८२।*

## ५.३ वित्तीय सेवा

### ५.३.१ बैंकिङ्ग सेवा

(क) आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्ममा गण्डकी प्रदेशका ११ जिल्लामा 'क' 'ख' 'ग' र 'घ' वर्गका बैंक तथा वित्तीय संस्थाको शाखा गत वर्षको सोही अवधिको तुलनामा ०.८५ प्रतिशतले ह्रास भई १,३९२ पुगेको छ। जसमध्ये वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी र लघुवित्तको शाखा संख्या क्रमशः ६०६, १८९, ३६ र ५६१ रहेको छ। बैंक तथा वित्तीय संस्थाको शाखा सञ्जाल कास्की जिल्लामा सबैभन्दा धेरै र मनाङ जिल्लामा सबैभन्दा कम रहेको छ। समीक्षा अवधिमा गण्डकी प्रदेशमा प्रति शाखा जनसंख्या

१,७७२ रहेको छ। यस प्रदेशका ११ जिल्लामध्ये प्रति शाखा जनसंख्या सबैभन्दा बढी बाग्लुङमा २,२८६ र सबैभन्दा कम मनाङमा ३३३ रहेको छ।

**तालिका ५.४**
**बैंक तथा वित्तीय संस्थाको जिल्लागत उपस्थिति**

| जिल्ला | वाणिज्य बैंक | विकास बैंक | वित्त कम्पनी | लघु वित्त वित्तीय संस्था | **जम्मा** | प्रतिशत | जनसंख्या | प्रति शाखा जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| कास्की | २०२ | ७७ | १९ | ७५ | **३७३** | २६.८ | ६,००,०५१ | १,६०९ |
| स्याङ्जा | ४६ | २७ | २ | ५८ | **१३३** | ९.५५ | २,५३,०२४ | १,९०२ |
| तनहुँ | ७८ | २२ | १ | ८४ | **१८५** | १३.२९ | ३,२१,१५३ | १,७३६ |
| गोरखा | ४४ | ६ | ३ | ५९ | **११२** | ८.०५ | २,५१,०२७ | २,२४१ |
| लमजुङ | ४४ | ६ | २ | ५२ | **१०४** | ७.४७ | १५५,८५२ | १,४९९ |
| मनाङ | ११ | ० | ० | ६ | **१७** | १.२२ | ५,६५८ | ३३३ |
| मुस्ताङ | १५ | १ | ० | ७ | **२३** | १.६५ | १४,४५२ | ६२८ |
| पर्वत | २४ | ९ | ० | ४९ | **८२** | ५.८९ | १,३०,८८७ | १,५९६ |
| बाग्लुङ | ५१ | ९ | १ | ४८ | **१०९** | ७.८३ | २,४९,२११ | २,२८६ |
| म्याग्दी | २१ | ९ | ० | २४ | **५४** | ३.८८ | १,०७,०३३ | १,९८२ |
| नवलपुर | ७० | २३ | ८ | ९९ | **२००** | १४.३७ | ३,७८,०७९ | १,८९० |
| जम्मा | **६०६** | **१८९** | **३६** | **५६१** | **१,३९२** | **१००.०** | **२४,६६,४२७** | **१,७७२** |

*स्रोत : नेपाल राष्ट्र बैंक, २०८२ पुस मसान्त।*

(ख) २०८१ पुस मसान्तको तुलनामा २०८२ पुस मसान्तमा गण्डकी प्रदेशमा निक्षेप परिचालन १९.१७ प्रतिशतले वृद्धि भई रु.६ खर्ब ६१ अर्ब ९० करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल निक्षेप ११.३५ प्रतिशतले वृद्धि भएको थियो। त्यसैगरी, समीक्षा अवधिमा कुल कर्जा लगानीमा ३.७७ प्रतिशतले वृद्धि भई रु. ३ खर्ब ६२ अर्ब ८२ करोड रहेको छ।

**तालिका ५.५**
**गण्डकी प्रदेशको निक्षेप तथा कर्जाको विवरण**

रकम रु. दश लाखमा

| विवरण | २०८१ पुस मसान्त | २०८२ पुस मसान्त | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| निक्षेप | ५,५५,३८७.८१ | ६,६१,९०५.५४ | १९.१७ |
| कर्जा | ३,४९,६३२.८९ | ३,६२,८१८.१० | ३.७७ |

*स्रोतः नेपाल राष्ट्र बैंक, २०८२ पुस मसान्त।*

कुल कर्जा मध्ये कृषि क्षेत्रमा रु. २३ अर्ब १६ करोड, औद्योगिक क्षेत्रमा रु. २८ अर्ब ७२ करोड, सेवा क्षेत्रमा रु.१ खर्ब ९ अर्ब २३ करोड र अन्य क्षेत्रमा (रियल स्टेट, शिक्षा, उपभोग लगायतका अन्य क्षेत्रमा) रु.२ खर्ब १ अर्ब ६९ करोड कर्जा प्रवाह भएको छ।

**तालिका ५.६**
**जिल्लागत निक्षेप तथा कर्जा**

| जिल्ला | निक्षेप (रु. दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) | कर्जा (रु. दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) |
|---|---|---|---|---|
| कास्की | ३,५५,५१४.४८ | ५३.७१ | २,०२,७०३.८७ | ५५.९० |
| स्याङ्जा | ४८,६७५.१७ | ७.३५ | १८,२२५.१२ | ५.०० |
| तनहुँ | ५३,०२२.२३ | ८.०१ | ४१,२०४.५७ | ११.४० |
| गोरखा | २५,०९४.८७ | ३.७९ | १२,३९८.५३ | ३.४० |
| लमजुङ | २२,४५०.५१ | ३.३९ | १३,८९०.६७ | ३.८० |
| मनाङ | १,८०३.८५ | ०.२७ | ४२३.८८ | ०.१० |
| मुस्ताङ | ८,७६८.३५ | १.३२ | १,३६१.०३ | ०.४० |
| पर्वत | २५,१४७.४० | ३.८ | ७,९१९.६९ | २.२० |
| बाग्लुङ | ४६,७२२.३६ | ७.०६ | १४,३९५.८४ | ४.०० |
| म्याग्दी | २०,५१५.७५ | ३.१ | ८,५२०.६५ | २.३० |
| नवलपरासी (पूर्व) | ५४,१९०.५८ | ८.१९ | ४१,७७४.२६ | ११.५० |
| **जम्मा** | ६,६१,९०५.५४ | १०० | ३,६२,८१८.१० | १००.० |

*स्रोत: नेपाल राष्ट्र बैंक, २०८२ पुस मसान्त ।*

२०८२ पुस मसान्तसम्म गण्डकी प्रदेशमा निक्षेप रु.६ खर्ब ६१ अर्ब ९० करोड परिचालन भएकोमा ५३.७१ प्रतिशत कास्की जिल्लामा रहेको छ । गण्डकी प्रदेशमा कर्जा रु.३ खर्ब ६२ अर्ब ८१ करोड प्रवाह भएकोमा सबै भन्दा बढी कास्की जिल्लामा ५५.९ प्रतिशत प्रवाह भएको छ भने सबै भन्दा कम मनाङ जिल्लामा ०.१ प्रतिशत प्रवाह भएको छ ।

(ग) २०८२ पुस मसान्तमा निक्षेप खाताको संख्या ४.२ प्रतिशतले वृद्धि भई ६६ लाख ३० हजार ५५२ पुगेको छ भने ऋण खाताको संख्यामा पनि ०.६ प्रतिशतले वृद्धि भई २ लाख २६ हजार ८१८ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप र ऋण खाता क्रमशः ७ प्रतिशत र १८ प्रतिशतले वृद्धि भएको थियो ।

(घ) आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक अवधिमा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयको कार्यक्षेत्रभित्र रहेका राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल बैंक लिमिटेडस्थित ९ वटा नोटकोषमा रु. ६ अर्ब ६० करोड तोडाचलान भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा रु. ८ अर्ब ३० करोड ६६ लाख तोडाचलान भएको थियो ।

(ङ) २०८२ पुस मसान्तमा यस प्रदेशमा इन्टरनेट बैंकिङ्ग र मोबाइल बैंकिङ्ग प्रयोगकर्ता संख्या क्रमशः २ लाख ९६ हजार र ३१ लाख ५० हजार पुगेको छ । गत वर्षको सोही अवधिमा यो संख्या क्रमशः २ लाख ७३ हजार र २८ लाख ६ हजार रहेको थियो । साथै, समीक्षा अवधिमा एटिएम मेसिनको संख्या ६२० पुगेको छ । गत वर्षको सोही अवधिमा एटिएम मेसिनको संख्या ६१६ रहेको थियो ।

**तालिका ५.७**
**वित्तीय उपकरण प्रयोगकर्ताको विवरण**

| विवरण | आ.व २०८१/८२ (साउन-पुस) | आ.व २०८२/८३ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| निक्षेप खाताको संख्या | ६३,६५,३३५ | ६६,३०,५५२ | ४.२ |
| ऋण खाताको संख्या | २,२५,४४६ | २,२६,८१८ | ०.६ |
| इन्टरनेट बैकिङ्ग | २,७३,७९९ | २,९६,७५९ | ८.३८ |
| मोबाइल बैकिङ्ग | २८,०६,१६६ | ३१,५०,८७२ | १२.२८ |
| एटिएम संख्या | ६१६ | ६२० | ४.८ |

*स्रोत: नेपाल राष्ट्र बैंक, २०८२ पुस मसान्त ।*

(च) आर्थिक वर्ष २०८२/८३ को प्रथम ६ महिनामा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट रु. १ अर्ब १८ करोड ६ लाख बराबरको विभिन्न परिवर्त्य विदेशी मुद्रा खरिद भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा रु.१ अर्ब ९ करोड ७७ लाख बराबरको विभिन्न परिवर्त्य विदेशी मुद्रा खरिद भएको थियो । कार्यालयमा प्राप्त कुल परिवर्त्य विदेशी मुद्रामध्ये अमेरिकी डलर ३८.८३ प्रतिशत, युरो ३६.७६ प्रतिशत र अन्य मुद्रा २४.४१ प्रतिशत रहेको छ ।

**तालिका ५.८**
**परिवर्त्य विदेशी मुद्रा खरिद विवरण**

रकम रु. करोडमा

| विवरण | २०८१/८२ (साउन-पुस) | २०८२/८३ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| अमेरिकी डलर | १५.८० | ४५.८४ | १९०.१ |
| युरो | २०.२९ | ४३.४० | ११३.९ |
| अन्य मुद्रा | ७३.६८ | २८.८२ | -६०.९ |
| **जम्मा** | **१०९.७७** | **११८.०६** | ७.६ |

*स्रोत: नेपाल राष्ट्र बैंक, २०८२ पुस मसान्त ।*

(छ) समीक्षा अवधिमा नेपाल राष्ट्र बैंक पोखरा कार्यालयबाट रु.१ करोड ८४ लाख बराबरको भारतीय मुद्रा बिक्री भएको छ । यो रकम गतवर्षको सोही अवधिको तुलनामा ६०.५२ प्रतिशतको कमी हो । त्यस्तै, समीक्षा अवधिमा रु.७ लाख बराबरको भारतीय मुद्रा खरिद भएको छ ।

### ५.३.२ अन्य वित्तीय सेवा

आर्थिक वर्ष २०८२/८३ पुस मसान्तसम्ममा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयमार्फत विदेशी मुद्रा कारोवार गर्न इजाजतपत्रप्राप्त संस्थाको संख्या १२२ रहेको छ। गत वर्षको सोही अवधिमा यो संख्या ११७ रहेको थियो । इजाजतपत्रप्राप्त संस्थामध्ये मनिचेन्जर ३६, होटल/रिसोर्ट २९, ट्राभल एजेन्सी २३, ट्रेकिङ्ग एजेन्सी २७, क्यासिनो १ र अन्य ६ रहेका छन् ।

**तालिका ५.९**
**विदेशी मुद्रा सटही इजाजतपत्रप्राप्त संस्था**

| संस्था | २०८१/८२ (पुस मसान्त) | २०८२/८३ (पुस मसान्त) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| मनिचेञ्जर | ३६ | ३६ | ०.०० |
| होटेल/रिसोर्ट | ३२ | २९ | -९.४ |
| ट्राभल एजेन्सी | १९ | २३ | २१.१ |
| ट्रेकिङ | २४ | २७ | १२.५ |
| अन्य | ६ | ६ | ०.०० |
| क्यासिनो | - | १ | - |
| **जम्मा** | **११७** | **१२२** | **४.३** |

*स्रोत: नेपाल राष्ट्र बैंक, २०८२ पुस मसान्त ।*

## ५.४ यातायात सेवा

आर्थिक वर्ष २०८२/८३ को प्रथम अर्धवार्षिक अवधिमा गण्डकी प्रदेश अन्तर्गतका यातायात कार्यालयमा दर्ता भएका यातायातका साधनको संख्या १६,३१२ रहेको छ । दर्ता भएकामध्ये मोटरसाइकलको संख्या १४,३७४ र अन्य सवारी साधनको संख्या १,९३८ रहेको छ । गतवर्षको सोही अवधिको तुलनामा कुल यातायातको साधनको संख्यामा ४७.४६ प्रतिशतले वृद्धि भएको छ। यो वृद्धिमध्ये मोटरसाइकलको संख्यामा ५१.२९ प्रतिशत र अन्य यातायातको संख्यामा २४.१५ प्रतिशतको वृद्धि भएको छ। स्कुटर तथा विद्युतीय सवारी साधनको बढ्दो प्रयोग र वैदेशिक रोजगारका कारण आयमा वृद्धि जस्ता कारणले गर्दा मोटरसाइकल तथा अन्य सवारी साधनको वृद्धिदर उच्च रहन गएको छ।

**तालिका ५.१०**
**गण्डकी प्रदेशमा यातायात सेवा**

| विवरण | २०८१/८२ (साउन-पुस) | २०८२/८३ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| यातायातका साधनको कुल संख्या | ११,०६२ | १६,३१२ | ४७.४६ |
| मोटरसाईकल | ९,५०१ | १४,३७४ | ५१.२९ |
| अन्य | १,५६१ | १,९३८ | २४.१५ |

*स्रोत: विभिन्न जिल्लाका यातायात व्यवस्था कार्यालय, पुस २०८२।*

## ५.५ सेवा क्षेत्र कर्जा

२०८२ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट यस प्रदेशको सेवा क्षेत्रमा प्रवाहित कर्जा गत वर्षको सोही अवधिको तुलनामा ०.८८ प्रतिशतले ह्रास आई रु. १ खर्ब ९ अर्ब २३ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर्जामा ८.६ प्रतिशतले वृद्धि भएको थियो । यस प्रदेशमा प्रवाहित कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाह भएको कर्जाको अंश ३०.११ प्रतिशत रहेको छ । प्रदेशको कुल सेवा क्षेत्रमा प्रवाह भएको कर्जाको सबैभन्दा बढी ६१.६८ प्रतिशत हिस्सा कास्की जिल्लामा र सबै भन्दा कम ०.११ प्रतिशत मनाङ जिल्लामा रहेको छ ।

**तालिका ५.११**
**जिल्लागत सेवा क्षेत्र कर्जा**

*रकम रु. दश लाखमा*

| जिल्ला | २०८१ पुस मसान्त | | २०८२ पुस मसान्त | | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | सेवा क्षेत्र कर्जा (रु. दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) | सेवा क्षेत्र कर्जा (रु.दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) | |
| कास्की | ६६,१२९.७५ | ६०.०१ | ६७,३७६.६६ | ६१.६८ | १.८९ |
| स्याङ्जा | ५,६५०.६७ | ५.१३ | ५,१६८.२९ | ४.७३ | -८.५४ |
| तनहुँ | ११,१२९.६३ | १०.१० | ११,३६०.७४ | १०.४० | २.०८ |
| गोरखा | ३,९९०.३७ | ३.६२ | ३,८३२.६१ | ३.५१ | -३.९५ |
| लमजुङ | २,९७०.६० | २.७० | २,९७४.५९ | २.७२ | ०.१३ |
| मनाङ | १२२.९७ | ०.११ | ११६.०३ | ०.११ | -५.६४ |
| मुस्ताङ | ८३०.२१ | ०.७५ | ७३०.२५ | ०.६७ | -१२.०४ |
| पर्वत | २,१३५.७१ | १.९४ | १,९६३.७० | १.८० | -८.०५ |
| बाग्लुङ | ४,५५१.९७ | ४.१३ | ४,०५६.२६ | ३.७१ | -१०.८९ |
| म्याग्दी | १,९७३.८५ | १.७९ | १,६८४.१७ | १.५४ | -१४.६८ |
| नवलपरासी (पूर्व) | १०,७१४.४४ | ९.७२ | ९,९७१.६४ | ९.१३ | -६.९३ |
| **जम्मा** | ११०,२००.१७ | १००.०० | १०९,२३४.९४ | १००.०० | -०.८८ |

*स्रोत: नेपाल राष्ट्र बैंक, पुस २०८२।*

## ५.६ सहुलियतपूर्ण कर्जा

सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ (तेस्रो संशोधन सहित), बमोजिम २०८२ पुस मसान्तसम्ममा गण्डकी प्रदेशमा कुल रु. ५ अर्ब ६० करोड कर्जा प्रवाह भएको छ । यस्तो कर्जा २०८१ पुस मसान्तसम्ममा कुल रु. ९ अर्ब ३६ करोड प्रवाह भएको थियो । यस प्रदेशमा प्रवाहित कुल कर्जामध्ये सबैभन्दा बढी अर्थात् ४२.०६ प्रतिशत कास्की जिल्लामा र सबैभन्दा कम अर्थात् ०.२२ प्रतिशत मनाङ जिल्लामा रहेको छ ।

**तालिका ५.१२**
**सहुलियतपूर्ण कर्जा**

*रकम रु दश लाखमा*

| जिल्ला | सहुलियतपूर्ण कर्जा | जिल्लागत हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| गोरखा | २५३.६६ | ४.५३ |
| मनाङ | १२.०९ | ०.२२ |
| मुस्ताङ | ४२.३४ | ०.७६ |
| म्याग्दी | १६७.१० | २.९८ |
| कास्की | २,३५७.६४ | ४२.०६ |
| लमजुङ | २३३.५१ | ४.१७ |
| तनहुँ | ६६१.१६ | ११.७९ |
| नवलपरासी (पूर्व) | १,१९०.१६ | २१.२३ |
| स्याङ्जा | ३२५.५५ | ५.८१ |
| पर्वत | १५४.१८ | २.७५ |
| बाग्लुङ | २०८.०६ | ३.७१ |
| **जम्मा** | ५,६०५.४५ | १००.० |

*स्रोतः नेपाल राष्ट्र बैंक, २०८२ पुस मसान्त ।*

## ५.७ सहकारी

समीक्षा अवधिमा अध्ययनमा समावेश १० बचत तथा ऋण सहकारी संस्थाको कुल पुँजी २०८१ पुस मसान्तको तुलनामा २०८२ पुस मसान्तमा ०.६८ प्रतिशतले कमी आई रु.३ अर्ब ९७ करोड ४८ लाख कायम भएको छ । सोही अवधिमा बचत ३.८२ प्रतिशतले वृद्धि भई रु.१५ अर्ब ७५ करोड ५३ लाख कायम रहेको छ । उपरोक्त सहकारी संस्थाबाट प्रवाहित कर्जा २०८१ पुस मसान्तको तुलनामा २०८२ पुस मसान्तसम्ममा ५.७१ प्रतिशतले कमी आई रु. १३ अर्ब १२ करोड ६ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जामा २.२० प्रतिशतले कमी आएको थियो । अध्ययनमा समावेश गरिएका सहकारीका सदस्य ५.४४ प्रतिशतले वृद्धि भई २ लाख ३ हजार ९१६ पुगेको छ भने कर्मचारी सङ्ख्या ४ सय २७ रहेको छ ।

**तालिका ५.१३**
**सहकारी सेवा**

| विवरण | आ.व. २०८१/८२ (पुस मसान्त) | आ.व. २०८२/८३ (पुस मसान्त) | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|
| कुल पूँजी (रु. दश लाखमा) | ४,००१.८९ | ३,९७४.८४ | -०.६८ |
| कुल बचत (रु. दश लाखमा) | १५,१७५.०३ | १५,७५५.३१ | ३.८२ |
| कुल ऋण (रु. दश लाखमा) | १३,९१४.९९ | १३,१२०.६८ | -५.७१ |
| सदस्य संख्या | १,९३,३९४ | २,०३,९१६ | ५.४४ |
| कर्मचारी संख्या | ४४५ | ४२७ | -४.०४ |

*स्रोतः अध्ययनमा समावेश गरिएका सहकारी, पुस २०८२ ।*

## ५.८ सेवा क्षेत्रका चुनौती तथा सम्भावना

### ५.८.१ चुनौती

१. प्रादेशिकरुपमा पर्यटक आकर्षित गर्न प्याराग्लाइडिङ्ग, प्यारासुट, अल्ट्रालाइट, स्काइडाइभिङ, आदिको तालिम व्यवस्थापन, पर्यटक आगमनको तथ्याङ्क थप व्यवस्थित बनाउन, लेक लाग्ने (High Altitude Sickness) र उच्च हिमाली क्षेत्रमा अचानकरुपमा मौसममा आउने प्रतिकूलतावाट पर्यटकलाई तत्काल उद्धार गर्ने कार्य तथा गुणस्तरीय सूचना प्रविधि र पर्यटकीय पूर्वाधारको निर्माण थप व्यवस्थित एवम् भरपर्दो बनाउने कार्य ।

२. यस प्रदेशमा रहेका बचत तथा ऋण सहकारी संस्थाको प्रभावकारी नियमन, निरीक्षण र सुपरिवेक्षण गर्ने कार्य ।

३. पोखरा अन्तर्राष्ट्रिय विमानस्थल अन्तर्राष्ट्रिय उडानसहित पूर्ण क्षमतामा संचालनमा ल्याउने कार्य ।

### ५.८.२ सम्भावना

१. नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेटले पुर्वाधारको विकास, गुणस्तरीय सेवा विस्तार, र बजारीकरणका माध्यमबाट नेपाललाई सुरक्षित र आकर्षक पर्यटकीय गन्तब्यको रुपमा ब्राण्डिङ्ग गरिने र पर्यटक भित्राउन विशेष प्याकेज सञ्चालन गरी होटल तथा रिसोर्टलाई उत्पादनमूलक उद्योग सरह आयकर तथा विद्युत महसुल छुट गर्ने, मुक्तिनाथसम्मको पर्या-पर्यटन पदमार्ग विकास गर्ने जस्ता कार्यक्रम समेटेकोले सोको कार्यान्वयनबाट गण्डकी प्रदेशमा पर्यटनको प्रचुर सम्भावना देखिन्छ ।

२. नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेटले पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पर्यटकीय हबमा विकास गरिने योजना समावेश भएकाले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको पूर्णरुपमा सञ्चालन, पृथ्वी राजमार्ग अर्न्तगत पोखरा-मुग्लिङ खण्डको सडक स्तरोन्नतिको कार्य ९० प्रतिशत सम्पन्न भइसकेको तथा उत्तर दक्षिण लोकमार्गको रुपमा रहेको कालीगण्डकी करिडोरको कोरोला नाकाबाट आयात प्रारम्भ भइसकेको हुँदा ढुवानीमा सहजता भई आर्थिक क्रियाकलाप बढाउन सहयोग पुग्ने देखिन्छ ।

३. यस प्रदेशको सबै स्थानीय तहमा बैक तथा वित्तीय संस्थाको पहुँच पुग्नुको साथै वित्तीय साक्षरतालाई प्रभावकारी बनाउँदै लगिएको हुँदा धेरैभन्दा धेरै जनसंख्यालाई वित्तीय पहुँचको दायरामा ल्याउन र विद्युतीय कारोबारमा आवद्ध गराउन सकिने सम्भावना देखिन्छ ।

# परिच्छेद ६
# पूर्वाधार र रोजगारी

यस परिच्छेदमा गण्डकी प्रदेश अन्तर्गत पर्ने राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति विवरण समावेश गरिएको छ । साथै, यस प्रदेशमा पूर्वाधार क्षेत्रमा भएका समस्या, चुनौती तथा सम्भावना र प्रधानमन्त्री रोजगार कार्यक्रमको स्थिति विश्लेषण गरिएको छ ।

## ६.१ पूर्वाधार क्षेत्र

### ६.१.१ राष्ट्रिय गौरवका आयोजना

**(क) कालीगण्डकी करिडोर :** कुल ४९५ कि.मी. लम्बाई भएको उत्तर-दक्षिण (कालीगण्डकी करिडोर ) लोकमार्गलाई मालढुङ्गा-राम्दी-गैडाकोट खण्ड २९३ कि.मी. र जोमसोम-कोरला खण्ड २०२ कि.मी. गरी दुई भागमा विभाजन गरी निर्माण कार्य अघि बढाइएको छ । समीक्षा अवधिसम्म यस करिडोरको बेनी जोमसोम कोरला खण्डको भौतिक प्रगति करिब ८८ प्रतिशत र वित्तीय प्रगति करिब ८४ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८२/८३ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको उक्त आयोजनाको सम्झौता रकम रु.१५ अर्ब रहेको छ । यस खण्डले हाल ७ सय ४५ जनालाई रोजगारी दिएको छ । हाल यस आयोजनामा पुल निर्माण कार्य, सडक कालोपत्रे गर्ने कार्य तथा वेलिब्रिज निर्माण कार्य भइरहेको छ । कमजोर भौगोलिक धरातलका कारण अत्यधिक पहिरो तथा कालीगण्डकीको कटान, Row Clear नभएको, सडक विभागको स्वीकृति नलिई जथाभावी शाखा सडक खोल्ने/खन्ने कार्य, घर टहराको क्षतिपुर्ती रकम अपुग भएकोले घर टहरा हटाउन नसक्नु जस्ता कारणले निर्माण कार्यमा समस्या देखिएको छ ।

त्यसैगरी, गैंडाकोट, राम्दी, मालढुंगा खण्डमा करिब ८१ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ भने वित्तीय प्रगति ७५ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८५/८६ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको उक्त आयोजनाको अनुमानित कुल लागत रु.२० अर्ब रहेको छ । यस आयोजनामा मुख्यरुपमा निर्माण सामाग्रीको अभाव समस्याका रुपमा रहेको छ । हाल यस आयोजनामा टेवा पर्खाल, पुलेसा, पक्की नाली, पुल, कालोपत्रे सडक निर्माण कार्य भइरहेको छ । यस खण्डले हाल २ सय ५५ जनालाई रोजगारी दिएको छ ।

**(ख) मध्य पहाडी (पुष्पलाल) लोकमार्ग :** यस आयोजना अन्तर्गत गण्डकी प्रदेशको गोरखा-लमजुङ खण्डमा पर्ने ११२ कि.मि. सडक खण्डको भौतिक प्रगति करिब ८२ प्रतिशत र वित्तीय प्रगति करिब ७६ प्रतिशत रहेको छ । हाल आयोजनामा Structural works, Gravel, Base, Blacktop Works, Bio Engineering Works, Traffic Safety Measures जस्ता कार्य भइरहेको छ । लोकमार्गको निर्माण कार्य आर्थिक वर्ष २०८३/८४ मा सम्पन्न गर्ने लक्ष्य छ । उक्त योजनामा रुख कटानी, जग्गाको मुआब्जा, आर्थिक मन्दीका कारण निर्माण व्यवसायी उदासिनता र नदीजन्य निर्माण सामाग्रीको उत्खनन् र समस्या, स्थानीय विवाद जस्ता समस्या रहेका छन् । हाल आयोजनाले ७०० जनालाई रोजगारी दिएको छ ।

सोही लोकमार्गको कास्की-पर्वत-बाग्लुङ खण्डमा पर्ने २५० कि.मि. सडक खण्डको भौतिक प्रगति करिब ९३ प्रतिशत र वित्तीय प्र**गति** करिब ९२ प्रतिशत रहेको छ । यस खण्डमा वागलुङ्ग जिल्ला अन्तर्गत १५ कि. मि. सडक निर्माण कार्य भईरहेको छ । योजनामा जग्गा प्राप्ति, स्थानिय निर्माण सामाग्रीको अभाव, सडक सीमा तोक्न नसक्नु, Utility Relocation जस्ता समस्या रहेको छ । यस खण्डले हाल ५ सय ५० जनालाई रोजगारी दिएको छ ।

**(ग) बुढीगण्डकी जलविद्युत आयोजना** : गोरखा जिल्लामा १२०० मेगावाट क्षमताको जलाशययुक्त यस जलविद्युत आयोजनाको शुरु आर्थिक वर्ष २०६९/७० बाट भएको भएतापनि हालसम्म करिब १६.५५ प्रतिशतमात्र भौतिक प्रगति भएको छ भने करिव १०.८ प्रतिशत वित्तीय प्रगति भएको छ । हाल कम्पनीको वित्तीय मोडालिटी सम्बन्धी कार्य, कम्पनीको व्यवसायिक ५ वर्षीय रणनीतिक

योजना तयार सम्बन्धी कार्य र छुटपुट मुआब्जा सम्बन्धी गुनासोको अवलोकन तथा निरीक्षण भइरहेको छ । यो आयोजना निर्माणका लागि आवश्यक पर्ने सर्वेक्षण अनुमतिपत्र जारी हुन नसकेको, अधिग्रहण गरिएका जग्गा कम्पनीको नाममा हस्तान्तरण नभएको तथा आयोजनाको पुनर्वास तथा पुनर्स्थापना प्रयोजनार्थ रोक्का गरिएको जग्गा फुकुवा हुन नसकेको जस्ता समस्या रहेका छन् । यस आयोजनाले हाल २६ जनालाई रोजगारी दिएको छ ।

(घ) **तनहुँ जलविद्युत आयोजना :** तनहुँ जिल्लामा नेपाल विद्युत प्राधिकरणले कुल ५० करोड ५० लाख अमेरिकी डलर लागतमा निर्माण शुरु गरेको १४० मेगावाट क्षमताको जलाशययुक्त तनहुँ जलविद्युत आयोजनाको २०८२ पुस मसान्तसम्मको भौतिक प्रगति ७३ प्रतिशत र वित्तीय प्रगति ६९ प्रतिशत रहेको छ । हाल आयोजनाको ड्याम निर्माण, हेडरेस टनेलको कार्य, पावर हाउसमा उपकरण जडान सम्बन्धी र प्रशारण लाइनमा टावर निर्माण सम्बन्धी कार्यहरु भइरहेको छ । आयोजनाले जग्गाको उपयोग र क्षतिपुर्ति सम्बन्धी समस्या तथा वनको जग्गा उपयोग गर्न वन विकास कोषमा जम्मा गर्नुपर्ने रकम अभाव सम्बन्धी समस्या भोगिरहेको छ । यस आयोजनाले कुल १३२६ जनालाई रोजगारी प्रदान गरेको छ ।

**तलिका ६.१**
**गण्डकी प्रदेशमा सञ्चालित राष्ट्रिय गौरवका आयोजना**

| क.सं. | आयोजनाको नाम | भौतिक प्रगति (प्रतिशतमा) | वित्तीय प्रगति (प्रतिशतमा) |
|---|---|---|---|
| १ | कालिगण्डकी करिडोर  बेनी - जोमसोम | ८८.०० | ८४.०० |
| २ | कालिगण्डकी करिडोर  मालढुंङ्गा - गैडाकोट | ८१.०० | ७५.०० |
| ३ | बुढिगण्डकी जलविद्युत आयोजना | १६.५५ | १०.८० |
| ४ | मध्यपहाडी (पुष्पलाल) लोकमार्ग कास्की - बाग्लुङ | ९३.०० | ९२.०० |
| ५ | मध्यपहाडी (पुष्पलाल) लोकमार्ग गोरखा लमजुङ्ग खण्ड | ८२.०० | ७६.०० |
| ६ | तनहुँ जलविद्युत आयोजना | ७३.०० | ६९.०० |

*स्रोतः सम्बन्धित आयोजना कार्यालय, गण्डकी प्रदेश ।*

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### ६.२.१ चुनौती

१. सडक, सिँचाई, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माण सम्बन्धी कार्यमा विभिन्न सरोकारवाला निकायबीच आपसी समन्वयमा निर्माण कार्य व्यवस्थित बनाई समयमै सम्पन्न गर्ने चुनौती छ ।

२. प्राकृतिक प्रकोप (बाढी, पहिरो) तथा भौगोलिक विकटताका कारण पूर्वाधार निर्माण कार्य ढिलाई हुनुका साथै अनुमानित लागतको तुलनामा यथार्थ खर्च उल्लेख्यरुपमा बढ्ने चुनौती छ ।

३. जलविद्युत उत्पादनको लागि पर्याप्त आर्थिक स्रोत तथा लगानीको अभाव रहनु र जग्गा अधिग्रहण तथा वातावरणीय प्रभावसम्बन्धी अध्ययन कार्य चुनौतीपूर्ण छ ।

४. गुणस्तरीय निर्माण सामग्रीका साथै स्थानीय तहको क्षेत्राधिकारमा रहेको नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता हुने कार्य चुनौतीपूर्ण छ ।

५. ग्रामीण क्षेत्रवाट सहरी क्षेत्रमा बसाइँसराइ बढ्नु तथा छरिएर रहेको ग्रामीण बस्तीमा आधारभूत पूर्वाधारको व्यवस्था गर्ने कार्य चुनौतीपूर्ण छ ।

### ६.२.२ सम्भावना

१. गण्डकी प्रदेशमा हाल १२०० मेगावाट बुढीगण्डकी जलविद्युत् आयोजनासहित ३००० मेगावाट भन्दा धेरै क्षमताका आयोजना निर्माणाधीन अवस्थामा रहेको परिप्रेक्ष्यमा अन्तरदेशीय प्रसारण लाइनको निर्माण हुनु तथा नेपाल सरकार, भारत सरकार र बंगलादेश सरकारबीच नेपालबाट बिद्युत निर्यात गर्ने समझदारी हुनुले जलविद्युत् क्षेत्रको विस्तारमा सम्भावना थपेको छ ।

२. मुस्ताङ जिल्लामा सौर्य तथा वायु ऊर्जाको प्रचुर सम्भावना भएकोले सोको विस्तृत अध्ययन गरी सौर्य तथा वायु ऊर्जा उत्पादन गर्न सकिने सम्भावना रहेको छ ।
३. पृथ्वी राजमार्गको मुग्लिङ्ग-पोखरा खण्डलाई ४ लेनमा स्तरोन्नति गर्ने कार्य सम्पन्न हुने चरणमा रहेको सन्दर्भमा उक्त कार्य सम्पन्न भएपछि यस क्षेत्रको पर्यटन लगायत समग्र विकासमा थप सहयोग पुग्ने सम्भावना रहेको छ ।
४. स्वच्छ ऊर्जाको विकास र प्रयोगमा विश्वव्यापी लहर आउनु तथा गण्डकी प्रदेशमा नेपाल कै धेरै सौर्य तथा वायु ऊर्जा उत्पादनको सम्भावना रहेको छ ।
५. सहरीकरणसँगै नगरपालिकाको विस्तार हुनु तथा ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा बसाइँसराइ बढ्नुले प्रदेशमा सडक लगायतका पूर्वाधार विकासको सम्भावना रहेको छ ।

## ६.३ रोजगारी

गण्डकी प्रदेश सरकारले सार्वजनिक गरेको *"गण्डकी प्रदेशको आर्थिक-सामाजिक विश्लेषण, २०७८"* अनुसार गण्डकी प्रदेशमा औसत बेरोजगारी दर ९ प्रतिशत रहेको देखिन्छ । प्रदेशको महिला बेरोजगारी ८.४ प्रतिशत र पुरुष बेरोजगारी ९.४ प्रतिशत रहेको देखिन्छ । त्यस्तै, उमेर समूहअनुसार १५-२४ बर्ष समूहको बेरोजगारी १८.९ प्रतिशत रहेको छ भने २५-३९ बर्ष समूह, ४०-६० वर्ष समूह र ६० वर्षभन्दा माथि उमेर समूहको बेरोजगारी क्रमशः ८.८ प्रतिशत, ५.३ प्रतिशत र १.२ प्रतिशत रहेको छ ।

गण्डकी प्रदेशको दोश्रो पञ्चवर्षीय योजनाले योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६) को अन्त्यसम्म प्रदेशको बेरोजगारी दर ५ प्रतिशतमा झार्ने लक्ष्य लिएको छ ।

**तालिका ६.२**
**गण्डकी प्रदेशमा रोजगारीको स्थिति**

| विवरण | एकाई | २०७९/८० को यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|
| प्रदेशमा श्रम सहभागिता दर | प्रतिशत | ४०.३ | ४८ | ५६ |
| बेरोजगारी दर | प्रतिशत | - | ६ | ५ |
| रोजगारीमा औपचारिक क्षेत्रको योगदान | प्रतिशत | ४४ | ५० | ६० |
| रोजगारी र जनसंख्या अनुपात | अंक | - | ४२ | ५० |
| व्यवसाय विकास र रोजगारमुलक तालिम लाभग्राही | संख्या | १६२५ | २२२५ | २५२५ |
| सूचीकृत रोजगारदाता | संख्या | ८४९ | १०५० | १२०० |
| सूचीकृत योगदानकर्ता | संख्या | १५९०२ | २१३०० | २४००० |

*स्रोत: गण्डकी प्रदेश, दोश्रो पञ्चवर्षीय योजना (आ.व. २०८१/८२ - २०८५/८६*

आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म यस प्रदेशमा रहेका कुल ८५ स्थानीय तहमध्ये ५९ स्थानीय तहले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित ७ सय ८९ आयोजना मार्फत कुल ४ सय ४५ जनाले औसतमा ४८ दिन रोजगारी प्राप्त गरेका छन् । यस कार्यक्रम अन्तर्गत गण्डकी प्रदेशमा कुल २१ हजार ३ सय ६० दिन रोजगारी पाएका छन् ।

**तालिका ६.३**
**प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारको विवरण**

| विवरण | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | २०८१/८२ (फागुन मसान्तसम्म) |
|---|---|---|---|
| कार्यक्रम सञ्चालन गरेका स्थानीय तह | ८२ | ८० | ५९ |
| आयोजना संख्या | १५७६ | १७१४ | ७८९ |
| रोजगारीमा संलग्न व्यक्तिको विवरण | ७४२४ | ११११९३ | ४४५ |
| रोजगार औसत दिन | ७६ | ७३ | ४८ |
| जम्मा रोजगार दिन | ५,६५,५७५ | ८,१५,६५१ | २१,३६० |

*स्रोतः आर्थिक सर्वेक्षण २०८१/८२, गण्डकी प्रदेश ।*

**बक्स २ : गण्डकी प्रदेशमा उर्जाको अवस्था**

नेपालको अनुमानित जलविद्युत क्षमता ८३,००० मेगावाट रहेको छ *(ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको अध्ययन, २०११)*। आर्थिक रुपमा सम्भाव्य रहेको ४५,६१० मेगावाट मध्ये गण्डकी प्रदेशमा १४,९८१ मे.वा. जलविद्युतको उत्पादन सम्भावना रहेको छ । गण्डकी प्रदेशको दोश्रो पञ्चवर्षीय योजना (आ.व. २०८१/८२ - २०८५/८६) अनुसार गण्डकी प्रदेशमा ८ वटा ठूला जलविद्युत आयोजना सञ्चालनमा रहेका छन् । प्रदेशभित्र रहेका जलविद्युत आयोजनाबाट कुल ७३३ मेगावाट विद्युत उत्पादन भइरहेको छ ।

गण्डकी प्रदेशको दोश्रो पञ्चवर्षीय योजनाले आर्थिक वर्ष २०८३/८४ सम्ममा कूल जलविद्युत उत्पादन क्षमता १६०० मे.वा., विद्युतमा पहुँच प्राप्त घरधुरी १०० प्रतिशत, प्रतिव्यक्ति विद्युत खपत ३०० कि.वा.घ. र संस्थागत सौर्य उर्जा प्रणालीबाट २५० कि.वा. विद्युत उत्पादन पुचाउने लक्ष्य लिएको छ ।

| सूचक | एकाई | २०७९ सम्मको यथार्थ | २०८३/८४ सम्मको लक्ष्य | २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|---|
| कूल जलविद्युत उत्पादन क्षमता | मेगावाट | ७३३ | १६०० | २५०० |
| विद्युतमा पहुँच प्राप्त घरधुरी | प्रतिशत | ९९.५ | १०० | १०० |
| प्रतिव्यक्ति विद्युत खपत | कि.वा.घ. | २१६ | ३०० | ५०० |
| संस्थागत सौर्य उर्जा प्रणालीबाट विद्युत उत्पादन | कि.वा. | १७२ | २५० | ३०० |

*स्रोतः गण्डकी प्रदेश, दोश्रो पञ्चवर्षीय योजना (आ.व. २०८१/८२ - २०८५/८६)*

## ६.४ रोजगारीका चुनौती र सम्भावना

### ६.४.१ चुनौती

१. स्थानीय तहमा रोजगारीको सिर्जना पर्याप्त हुन नसक्नु, उद्यमशीलताको विकास र स्वरोजगार प्रवर्द्धनको कमीले श्रम बजारलाई व्यवस्थित तुल्याउने कार्य चुनौतीपूर्ण रहेको छ ।

२. बैदेशिक रोजगारीको सीप र पुँजीलाई उत्पादनमा जोड्दै प्रदेशको समग्र बिकासमा लगाउने कार्य चुनौतीको रुपमा रहेको छ ।

३. समान प्रकृतिका कामको लागि स्वदेशको तुलनामा विदेशमा बढी पारिश्रमिक प्राप्त हुने भएकोले युवा वर्गलाई विदेश पलायन रोक्दै स्वदेशी श्रम बजारमा आकर्षित गर्ने कार्य चुनौतीको रुपमा रहेको छ ।

४. न्यून ज्यालादर, न्यून सेवा सुविधा र लैङ्गिकताका आधारमा ज्यालादरमा असमानता (अनौपचारीक क्षेत्रमा) कायम हुनु, ग्रामीण भेगमा सक्रिय जनशक्तिको अभाव रहनु तथा रोजगारसँग सम्बन्धित सूचनाको पहुँचमा कमी रहनु जस्ता कारणले श्रम बजारलाई व्यवस्थित तुल्याउने कार्य चुनौतीपूर्ण रहेको छ ।

५. वैदेशिक रोजगारमा जाने नेपालीका लागि बजारको आवश्यकता अनुसारको सीप तथा दक्षताको विकास गर्ने कार्य चुनौतीको रुपमा रहेको छ ।

### ६.४.२ सम्भावना

१. नेपाल सरकारले पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिसकेको सन्दर्भमा यस प्रदेशमा पर्यटकीय पूर्वाधारको विकास र विस्तार गर्न सके पर्यटन क्षेत्रमा रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।

२. कृषि तथा पशुपालन क्षेत्रमा आधुनिकीकरण गर्ने, उचित अनुदानको व्यवस्था गर्ने, बिमा दावीलाई प्रभावकारी बनाएर उद्यमशीलता र स्वरोजगार प्रवर्द्धन गर्न सक्ने सम्भावना रहेको छ ।

३. वैदेशिक रोजगारीबाट फर्केका जनशक्तिको सीप र पुँजीलाई उत्पादनशील क्षेत्रमा लगाउन सकिने सम्भावना रहेको छ ।

४. जलविद्युत् उत्पादनको प्रचुर सम्भावना रहेको यस प्रदेशमा जलविद्युत् क्षेत्रमा रोजगारीको सम्भावना रहेको छ ।

५. विकास निर्माणका कार्यमा तदारुकताका साथ पुँजीगत खर्च गर्न सकेमा पूर्वाधारको क्षेत्रमा पनि रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेद ७
# प्रादेशिक कार्यक्रम तथा योजना

प्रस्तुत परिच्छेदमा गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रमको संक्षिप्त विश्लेषण गरिएको छ । यस अन्तर्गत प्रदेश सरकारको बजेटको आकार, खर्चको वर्गीकरण, वित्तीय हस्तान्तरण र स्रोत परिचालनको स्थितिको विश्लेषण गरिएको छ ।

## ७.१ गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम

### ७.१.१ आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारको बजेट कार्यान्वयन स्थिति

आर्थिक वर्ष २०८२/८३ का लागि गण्डकी प्रदेश सरकारले कुल रु.३१ अर्ब ९७ करोड बजेट विनियोजन गरेकोमा गण्डकी प्रदेश आर्थिक मामिला मन्त्रालयका अनुसार २०८२ पुस मसान्तसम्म विनियोजित रकमको १६.६९ प्रतिशत अर्थात रु.५ अर्ब ३३ करोड खर्च भएको छ । आर्थिक वर्ष २०८१/८२ को सोही अवधिमा विनियोजित बजेटको १९.३६ प्रतिशत खर्च भएको थियो ।

**तालिका ७.१**
**गण्डकी प्रदेश सरकारको खर्चको स्थिति**

*रकम रु. करोड*

| शीर्षक | विनियोजित रकम | | पुस मसान्तसम्मको यथार्थ स्थिति | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ |
| **खर्च** | ३,२९७.८६ | ३,१९७.९९ | ६३८.४७ | ५३३.५५ | १९.३६ | १६.६९ |
| चालु | १,३१६.०६ | १,२६२.९२ | ३०६.३४ | २६३.७१ | २३.२८ | २०.८८ |
| पुँजीगत | १,९५१.८० | १,९१०.०७ | ३३२.१३ | २६९.८४ | १७.०२ | १४.१३ |
| वित्तीय व्यवस्था | ३०.०० | २५.०० | ० | ० | | |

*स्रोत : आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश, पुस २०८२।*

आर्थिक वर्ष २०८२/८३ मा चालु खर्चतर्फ विनियोजन भएको रु.१२ अर्ब ६२ करोड मध्ये २०.८८ प्रतिशत (रु.२ अर्ब ६३ करोड) खर्च भएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा चालु खर्च शीर्षकमा विनियोजित रकमको २३.२८ प्रतिशत खर्च भएको थियो । त्यसैगरी, पुँजीगत खर्चतर्फ विनियोजित रु.१९ अर्ब ९ करोड मध्ये २०८२ पुस मसान्तसम्म १४.१३ प्रतिशत (रु. २ अर्ब ६९ करोड) खर्च भएको छ । अघिल्लो आर्थिक वर्ष पुँजीगत खर्च शीर्षकमा विनियोजित रकमको १७.०२ प्रतिशत खर्च भएको थियो ।

गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०८२/८३ को प्रथम अर्धवार्षिक अवधिमा रु.६ अर्ब २१ करोड राजस्व संकलन गरेको छ । चालु आर्थिक वर्षमा प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.१२ अर्ब २३ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा २०८२ पुस मसान्तसम्म ४०.१८ प्रतिशत अर्थात् कुल रु.४ अर्ब ९१ करोड अनुदान प्राप्त गरेको छ ।

**तालिका ७.२**
**गण्डकी प्रदेश सरकारको स्रोत परिचालनको स्थिति**

*रकम रु. करोड*


| शीर्षक | विनियोजित | | पुस मसान्तसम्मको यथार्थ स्थिति | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ |
| राजस्व | १९०३.८९ | १७९९.६४ | ६४३.५३ | ६२१.६७ | ३३.८० | ३४.५४ |
| **संघीय सरकारबाट प्राप्त अनुदान** | १२१३.०५ | १२२३.३६ | ५०७.६२ | ४९१.६० | ४१.८५ | ४०.१८ |
| समानीकरण अनुदान | ५६४.९० | ७७३.८९ | ३८१.९४ | ३८६.९४ | ६७.६१ | ५०.०० |
| सशर्त अनुदान | ४९४.१५ | ३३५.६४ | ६४.७८ | ६७.१ | १३.११ | १९.९९ |
| विशेष अनुदान | ७०.०० | ४९.८६ | २१.६३ | १६.४५ | ३०.९० | ३२.९९ |
| समपुरक अनुदान | ८४.०० | ६३.९७ | ३९.२७ | २१.११ | ४६.७५ | ३३.०० |

*स्रोत : आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश ।*

## ७.२ स्थानीय तहको बजेट तथा कार्यक्रम

गण्डकी प्रदेशमा ५८ गाउँपालिका, २६ नगरपालिका र १ महानगरपालिका गरी जम्मा ८५ स्थानीय तह छन् । गण्डकी प्रदेशका पाँच ठूला स्थानीय तह (पोखरा महानगरपालिका, बाग्लुङ नगरपालिका, गोरखा नगरपालिका, पुतलीबजार नगरपालिका र बेशीसहर नगरपालिका) ले आर्थिक वर्ष २०८२/८३ को लागि चालु, पुँजीगत, वित्तीय व्यवस्था तथा अन्य खर्च गरी कुल रु.१२ अर्ब ५७ करोड बजेट विनियोजन गरेकोमा आर्थिक वर्षको प्रथम अर्धवार्षिक अवधिमा २२.९९ प्रतिशत रकम खर्च गरेका छन् । जसमध्ये चालु खर्च विनियोजित रकमको ४९.४६ प्रतिशत, पूँजीगत खर्च ५०.२९ प्रतिशत, वित्तीय व्यवस्था खर्च ०.१८ प्रतिशत र अन्य खर्च ०.०७ प्रतिशत रहेको छ ।

**चार्ट ७.१**
**पाँच स्थानीय तहको बजेट विनियोजनको स्थिति (रु. करोडमा)**




*स्रोत: गण्डकी प्रदेशका छानिएका पाँच नगरपालिकाको तथ्याङ्क, २०८२, पुष ।*

# परिच्छेद ८
# आर्थिक परिदृश्य

यस परिच्छेदमा गण्डकी प्रदेशका कृषि, उद्योग तथा सेवा क्षेत्रका तथ्याङ्क प्रदायक संस्थाका प्रतिनिधिसँग गरिएको छलफल तथा अन्तरक्रियाका आधारमा कृषि, उद्योग, सेवा तथा पूर्वाधार क्षेत्रको चालु आर्थिक वर्षको बाँकी अवधिको परिदृश्य प्रस्तुत गरिएको छ ।

## ८.१ कृषि उत्पादन

चालु आर्थिक वर्षमा मौसम अनुकूल हुने र कृषकले मल, बिउ समयमा प्राप्त गर्ने अनुमानको आधारमा खाद्यान्न कृषि, फलफूल तथा तरकारी उत्पादन थप सकारात्मक हुने देखिएको छ ।

१. कृषकको हाइब्रिड बिउ प्रतिको आकर्षण, आधुनिक प्रविधिको प्रयोग तथा सरकारी अनुदान, गोठ सुधार कार्यक्रम, नश्ल सुधारजस्ता विविध कार्यक्रम सञ्चालनको सकारात्मक प्रभाव स्वरुप समग्र कृषि उत्पादनमा सामान्य वृद्धि हुने अनुमान गरिएको छ ।

२. विगतमा अफ्रिकन स्वाइन फ्लुको प्रभावले बंगुरको मासु उत्पादनमा ह्रास आएतापनि पशुपालन क्षेत्रको विकासका लागि पकेट क्षेत्र घोषणा गरी पशुपालनलाई प्रोत्साहन गरिएको, व्यवसायिक कुखुरा तथा हाँस पालनमा समेत वृद्धि भएकोले समग्र मासुको उत्पादनमा ५-१० प्रतिशतसम्म वृद्धि हुने अनुमान गरिएको छ ।

३. अध्ययन क्षेत्रका पहाडी जिल्लाका कृषि विकास कार्यालयबाट प्राप्त जानकारी अनुसार बाँदर आतंकका कारणले मकै खेतीमा १५ प्रतिशतसम्म घट्ने देखिएको छ । सामुदायस्तरमा खाद्य प्रशोधन तथा चिस्यान केन्द्र खोल्ने तथा व्यवसायिक रुपमा बेमौसमी तरकारी उत्पादनमा कृषकको आकर्षण देखिएकोले तरकारी तथा फलफूलको उत्पादनमा १० प्रतिशतसम्म वृद्धि हुने अनुमान गरिएको छ ।

४. बढ्दो बेमौसमी तरकारी खेती, प्लाष्टिक घरको विस्तार, मल, सिँचाई तथा उन्नत जातका बिउको सहज उपलब्धता साथै गैरसरकारी संस्थाहरूद्वारा समेत कृषकलाई तालिम, सचेतना र प्रोत्साहन गर्दै आएको हुँदा तरकारीको उत्पादन बढ्ने अनुमान गरिएको छ ।

५. गण्डकी प्रदेश सरकारले दिगो वन व्यवस्थापन मार्फत वन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने नीति लिएकोले चालु आर्थिक वर्षमा वनजन्य उत्पादनमा उल्लेख्य वृद्धि हुने अनुमान गरिएको छ ।

## ८.२ औद्योगिक उत्पादन

समीक्षा अवधिमा गण्डकी प्रदेशका उद्योगहरूको क्षमता उपयोग गत वर्षको सोही अवधिको तुलनामा घटेको भएतापनि आर्थिक वर्ष २०८२/८३ को बाँकी अवधिमा उत्पादनको परिदृश्य सकारात्मक देखिएको छ ।

६. २०८२ फागुनमा सम्पन्न चुनावबाट स्पष्ट बहुमत सहितको नयाँ सरकार गठन भएको र नयाँ सरकारले विभिन्न सुधारात्मक कार्यहरुको थालनी गरेको, लगानीको लागि पर्याप्त तरलता रहेको तथा कर्जाको ब्याजदर न्यून रहेको हुँदा यस क्षेत्रको लगानी विस्तारमा क्रमिक सुधारको अपेक्षा रहेकोले आगामी दिनमा निर्माण व्यवसायमा सुधार हुने तथा सिमेन्टको माग बढ्न गई उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ ।

७. औषधिको माग बढ्दै गएको र उद्योगले नयाँ औषधिको उत्पादन समेत शुरु गरेको परिप्रेक्ष्यमा आगामी अवधिमा औषधिको उत्पादन झण्डै ५० प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।

## ८.३ सेवा क्षेत्र

चालु आर्थिक वर्ष गण्डकी प्रदेशमा सेवा क्षेत्रको विस्तार सन्तोषजनक हुने अनुमान रहेको छ ।

८. गण्डकी प्रदेश सरकारले दिगो पर्यटन, पर्यटनको राजधानी पोखरा र स्याटलाइट गन्तव्यहरुमा पर्यटकीय पूर्वाधार निर्माण, पदयात्राको संरक्षण विकास गरी पोखरा जाऔं प्रकृति र संस्कृतिसँग रमाऔं कार्यक्रम आयोजना गर्ने भएकोले समेत आगामी दिनमा पर्यटकको आगमनमा उत्साहप्रद वृद्धि भई विदेशी मुद्रा प्राप्तिमा थप सुधार हुने देखिन्छ ।

९. पृथ्वी राजमार्ग अर्न्तगत पोखरा-मुग्लिङ खण्डको सडक स्तरोन्नतिको कार्य सम्पन्न हुने चरणमा रहेको तथा उत्तर दक्षिण लोकमार्गकोरुपमा रहेको कालीगण्डकी करिडोरको निर्माण सम्पन्न भएकोले आन्तरिक एवम् बाह्य पर्यटकको आगमनमा वृद्धि हुने देखिन्छ । त्यस्तै, उत्तर दक्षिण लोकमार्गको रुपमा रहेको कालीगण्डकी करिडोरको कोरोला नाकाबाट आयात प्रारम्भ भइसकेको हुँदा ढुवानीमा सहजता भई लागत घट्न गई मुल्य नियन्त्रणमा समेत योगदान पुग्ने देखिन्छ ।

१०. बैकिङ क्षेत्रमा देखिएको उच्च तरलतासँगै ब्याजदरमा आएको कमीले यस प्रदेशमा कर्जाको माग बढ्ने अनुमान रहेको छ । विप्रेषण आम्दानीमा भएको उल्लेख्य वृद्धिले निक्षेपमा समेत थप वृद्धि हुदै जाने देखिएको छ । उपरोक्त वमोजिमका सवल पक्षले गर्दा जेन-जी आन्दोलन पश्चात् व्यापार व्यवसाय, निर्माण क्रियाकलापमा देखिएको शिथिलतामा सुधार आई कर्जा व्यवस्थापनमा सकारात्मक प्रभाव पर्ने अनुमान गरिएको छ । साथै, सहकारीमा देखिएको समस्याको कारण बचतकर्ताको बचत समयमै फिर्ता नहुने समस्या कायमै रहने देखिएतापनि सरकारी तवरबाट गरिएको पहलले गर्दा यस आर्थिक वर्षको बाँकी अवधिसम्ममा केही सुधारको अपेक्षा राख्न सकिन्छ ।

## ८.४ पूर्वाधार क्षेत्र

मध्यपूर्वमा देखिएको अशान्तिका कारण इन्धन अभाव तथा मूल्यमा वृद्धि, वर्षायाम शुरु हुन लागेको तथा पूर्वाधार निर्माणको सन्दर्भमा बजेट समयमा प्राप्त नहुनु, मुआब्जा वितरणमा समस्या, निर्माण सामाग्रीको अभाव, रुख कटान, पहिरो, नदी कटान, दक्ष कामदारको अभाव जस्ता समस्या रहेकोले पूर्वाधार आयोजना सम्पन्न हुने समय र लागत बढ्ने अनुमान छ ।